म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १६५ शुक्रबार, १६ माघ २०८२ ने. सं. ११४६ पोहेलागा 30 January 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

काठमाडौं टप टेलर्स
अब टीसीएन रोडमा...
विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसँगै सरेको जानकारी गराउँदछौं ।
प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

## निर्वाचनको लागि मकवानपुरमा ३ हजार बढी कर्मचारी परिचालन हुने

### २ हजार १०२ निर्वाचन प्रहरी भर्ना

सञ्जीव सुनार

हेटौंडा, १५ माघ/ आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा मकवानपुरमा तीन हजार भन्दा बढी कर्मचारी परिचालन हुने भएका छन् ।

बागमती प्रदेश निर्वाचन कार्यालय हेटौंडा प्रमुख हरिप्रसाद ढकालका अनुसार निर्वाचनमा ३ हजार ३ सय ६६ कर्मचारी परि चालन हने भएका हुन् । निर्वाचन केन्द्रित जनशक्ति व्यवस्थापन कार्य अन्तिमचरणमा पुगेको भन्दै उनले निर्वाचन कार्यालयबाट २ हजार २ सय ४४ जना र मतदान केन्द्रमै नियुक्त हुने १ हजार १ सय २२ जना कर्मचारी परिचालन हने जानकारी दिए । यसबाहेक निर्वाचनमा करिब १ हजार प्रहरी र १ हजार ९ सय २३ निर्वाचन प्रहरी परिचालन हुनेछन् ।

दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको मकवानपुरमा कुल ३ लाख १५ हजार ३३४ मतदाता छन् । प्रतिनिधिसभा निर्वाचनमा मकवानपुरमा ३ लाख १५ हजारभन्दा बढी मतदाताले मतदान गर्नेछन् । प्रदेश निर्वाचन कार्यालयका अनुसार मकवानपुर जिल्लामा कुल मतदाता संख्या ३ लाख १५ हजार ३३४ रहेको हो । निर्वाचन कार्यालयका सूचना अधिकारी ताराप्रसाद आचार्यका अनुसार प्रतिनिधिसभा निर्वाचन २०७९ पछि मकवानपुरमा १४ हजार ६०१ जना मतदाता थपिएका छन् ।

सबैभन्दा धेरै मतदाता हेटौंडा उपमहानगरपालिकामा ७ हजार १६३ मतदाता थप भएका छन् । मनहरी गाउँपालिकामा एक हजार ४६८, थाहा नगरपालिकामा एक हजार ४१५ मतदाता थपिएका छन् भने बकैया गाउँपालिकामा ८१७, बागमती गाउँपालिकामा ८४०,



मकवानपुरगढी गाउँपालिकामा ७५४ र भीमफेदी गाउँपालिकामा ६९३ मतदाता थपिएका छन् । त्यस्तै, इन्द्रसरोवर गाउँपालिकामा ३७३, कैलाश गाउँपालिकामा ३६३ र राक्सिराङ गाउँपालिकामा २३५ मतदाता थपिएको निर्वाचन कार्यालयले जनाएको छ ।

मतदाता संख्या वृद्धि भएसँगै जिल्लामा मतदान केन्द्र पनि थप गरिएको छ । मतदानस्थल भने साविककै कायम राखिए पनि मतदान केन्द्र १० वटा थप गरिएको सूचना अधिकारी आचार्यले जानकारी दिए । मतदाताविवरण अनुसार प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ मा एक लाख ५८ हजार ४३५ र निर्वाचन क्षेत्र नम्बर २ मा एक लाख ५६ हजार ८९९ मतदाता रहेका छन् । जिल्लाभर कुल मतदातामध्ये महिला एक लाख ५३ हजार ३७६, पुरुष एक लाख ६१ हजार ९५३ र अन्य ५ जना रहेका छन् । अद्यावधिक तथा दाबीविरोधको क्रममा निर्वाचन कार्यालयले मतदाता सूचीबाट ८८४ नाम हटाएको छ । मृत्यु भएका २१ जना मतदाता तथा दोहोरो नाम रहेका ६८३ जनाको नाम सूचीबाट हटाइएको कार्यालयले जनाएको छ ।

**२ हजार १०२ जना निर्वाचन प्रहरी भर्ना**

मकवानपुरमा नेपाल प्रहरीतर्फ १ हजार ९ सय २३ र सशस्त्र प्रहरीतर्फ १ सय ७९ जना गरी २ हजार १ जना २ जना निर्वाचन प्रहरी भर्ना गरिएको छ । भर्ना भएकामध्ये ६ सय ५३ जना महिला रहेका छन् । मकवानपुरमा दोस्रोपटक म्याद थप गरेपछि मात्रै निर्वाचन प्रहरीका लागि आवश्यक संख्या पुगेको छ । मकवानपुरका लागि तोकिएको निर्वाचन प्रहरीको संख्या अपुग भएपछि दोस्रोपटक आवेदनका लागि म्याद थपिएको हो ।

दोस्रोपटकमा मागभन्दा बढी आवेदन परेको र छनोटको काम सकेर नतिजा प्रकाशन गरि सकेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवं प्रवक्ता पुस्कर बोगटीले वताए । छनोट भएका निर्वाचन प्रहरीलाई माघ १८ देखि माघ २७ गतेसम्म आधारभूत तालिम दिएर कार्यक्षेत्रमा परिचालन गरिने उनले बताए । मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ मा हेटौंडा उपमहानगरका १५ वटा वडा, मकवानपुरगढीका ४ वटा वडा, बागमती र बकैया गाउँपालिका पर्छन् ।

क्षेत्र नम्बर २ मा हेटौंडा उपमहानगरका १, ३, ११ र १९ नम्बर वडा, मकवानपुरगढीका ५, ६, ७ र ८ नम्बर वडासहित थाहा नगरपालिका, मनहरी, राक्सिराङ, कैलाश, इन्द्रसरोवर र भीमफेदी गाउँपालिका पर्छन् । मकवानपुरमा १ सय ६७ वटा मतदानस्थल र ३ सय ७४ वटा मतदान केन्द्र रहेका छन् । सुरक्षाको दृष्टिकोणले १९ वटा मतदानस्थल अतिसंवेदनशीलको सूचीमा राखिएको छ । जिल्लाका १० स्थानीय तहमध्ये ६ स्थानीय तहमा रहेका मतदानस्थल अति संवेदनशीलको सूचीमा राखिएको हो । मकवानपुरमा मतदाता संख्या ३ लाख १५ हजार ३ सय ३४ रहेको छ ।

## थाहामा राष्ट्रपति रनिङ शिल्ड सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ थाहा नगरपालिकामा बिहिबारदेखि आठौं राष्ट्रपति रनिङ शिल्ड तथा मेयरकप भलिबल प्रतियोगिता सुरु भएको छ ।

थाहा नगरपालिकाको आयोजना तथा जनकल्याण माध्यमिक विद्यालयको व्यवस्थापनमा जनकल्याण माविको खेलमैदान र इन्द्रायणीचौरमा प्रतियोगिता सुरु भएको हो । मार्चपास सहित प्रतियोगिताको उद्घाटन थाहा नगर प्रमुख बिष्णु बिष्टले गरेका थिए । प्रतियोगिता माघ १७ गतेसम्म संचालन हुनेछ । उद्घाटन समारोहमा प्रमुखअतिथि नगरप्रमुख बिष्टले खेलकुद क्षेत्रको विकासका लागि थाहा नगरको बजेट कम भएको महसुस गरेकोले बजेट व्यवस्थापन गरी खेलकुदमा लगानी बढाउनुपर्ने बताए ।

उनले खेलकुदको माध्यमबाट थाहा नगरको पहिचान गराउन खेलाडीले खुलेर प्रतिस्पर्धा गर्नुपर्ने र थाहाका खेलाडीले छुट्टै पहिचान बनाइरहेको बताए । खेलकुदको माध्यमबाट पहिचान गराउन उत्कृष्ट खेलाडीलाई छनोट गर्नुपर्नेमा जोड दिदै नगरप्रमुख बिष्टले त्यसको लागि नगरपालिकाले बजेट बिनियोजनमा ध्यान दिन नसकेको स्वीकार्दै सीमित बजेटको बाबजुद पनि प्रतियोगिता संचालन र व्यबस्थापन गर्ने शाखालाई धन्यवाद व्यक्त गर्दै खेलकुदको लागि बजेट वृद्धि गरी खेलमा विद्यार्थीको लगावलाई तान्नुपर्ने आबश्यकता रहेको बताए । नगर खेलकुद विकास समितिका संयोजक टीकाराम स्याङ्तानको अध्यक्षता रहेको रनिङ शिल्ड व्यवस्थापक विद्यालयका प्रधानाध्यापक रामकुमार बलले




स्वागत गरेका थिए ।

नगरप्रमुख बिष्ट, उपप्रमुख भरत गोपाली, थाहा नगर शिक्षा तथा युवा खेलकुद शाखाप्रमुख माधवबिक्रम मल्ल, शिक्षा समिति सदस्य उर्मिला गोपाली, हरिकृष्ण कार्की, अर्जुन सुनार, राजाराम कार्की, प्रतियोगिता आयोजक समिति सदस्यहरु यादवजंग रायमाझी, मानसिं दोङ, थाहा नगर भलिबल महासंघ अध्यक्ष वसन्त गोपाली, तथा वडा न ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझी, ४ का अध्यक्ष नारायण लामा, प्याक्सन थाहा नगरअध्यक्ष सुरेन्द्रमान प्रधान, जनकल्याण माविका अध्यक्ष राजिव स्याङ्तान, इलाका प्रहरी कार्यालय पालुङका प्रमुख रुक्सा बज्राचार्य लगायत विभिन्न संघसंस्थाका प्रतिनिधि, सहभागी विद्यालयका प्रधानाध्यापक, खेलाडी, खेलशिक्षक तथा विद्यार्थीको उपस्तिथि रहेको थियो ।

थाहा नगरका ६ संस्थागत सहित १८ वटा माविका कक्षा १२ सम्मका १८ वर्ष नकटेका विद्यार्थी प्रतियोगितामा सहभागी छन् । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा प्रथम हुने विद्यालयले नगद २० हजार शिल्ड मेडल र प्रमाणपत्र, द्वितीतय हुने विद्यालयले नगद १५ हजार शिल्ड मेडल र प्रमाणपत्र, तृतीय हुने विद्यालयले नगद १० हजार शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यस्तै प्रतियोगितामै अंक जोडिने गरी हुने मेयरकप भलिबल भने छात्र र छात्रातर्फ हुने व्यवस्थापनको जिम्मा पाएको जनकल्याण माविले जनाएको छ । मेयरकप भलिबल प्रतियोगिताअर्न्तगत प्रथम हुने विद्यालयले नगद २० हजार शिल्ड मेडल र प्रमाणपत्र, द्वितीय हुने विद्यालयले नगद १५ हजार शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

कवड्डीमा प्रथम हुनेले १० हजार नगद र दोस्रो हुनेले ६ हजार नगदसहित शिल्ड मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । मेयरकप भलिबल प्रतियोगिताअर्न्तगत मार्चपास तथा भलिबल प्रतियोगिताको अकं जोडी समग्र प्रतियोगिताको विजेता घोषणा गरिनेछ ।




## वक्तृत्वकलामा सिद्धार्थकी कृतिका प्रथम





साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ 'सहिदको सपना र नवयुवाको कर्तव्य' विषयक माविस्तरीय वक्तृत्वकला प्रतियोगिता बिहिबार सम्पन्न भएको छ ।

सहिद दिवसको अवसरमा सहिदस्मारक विकास समितिको आयोजना तथा मदन भण्डारी फाउन्डेसन मकवानपुरको व्यवस्थापनमा प्रतियोगिता भएको हो । प्रतियोगितामा सिद्धार्थ माविकी छात्रा कृतिका झाँक्री मगरले प्रथम, चन्द्रोदय माविकी छात्रा रितिका खतिवडाले दोस्रो र ब्रहमदिक ऐकेडेमिकी छात्रा प्रीयान्सु पोखरेलले तेस्रो स्थान प्राप्त गरेका छन् । प्रथम, द्वितीय र तृतीयले क्रमश: नगद १० हजार, ७ हजार र ५ हजार पुरस्कार प्राप्त गरेका छन् ।

मदन भण्डारी फाउन्डेसन मकवानपुरका अध्यक्ष रघुनाथ खुलालको सभाध्यक्षता एवम् बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुखआतिथ्यमा कार्यक्रम भएको हो । प्रतियोगितामा मकवानपुरका विभिन्न ३० वटा विद्यालयका विद्यार्थीको सहभागिता रहेको थियो ।

## नेपथ्य माघ २१ गते हेटौंडामा गुञ्जिने




साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/प्रेमिल मौसम र राजनीतिक चहलपहलले रङिन बनेको फेब्रुअरीमा लोक-रक ब्यान्ड नेपथ्यले फेरि स्वदेशी दर्शकसँग भेटघाट गर्ने भएको छ ।

यो वर्ष दुईचरणमा तय गरिएको स्वदेशयात्राको पहिलोखण्ड अन्तर्गत नेपथ्यले चार सहरमा कन्सर्ट गर्दैछ । यात्राको सुरुवात फेब्रुअरी ४ (माघ २१) गते बुधबार साँझ हेटौंडाबाट हुनेछ । सहरको मुटुमा रहेको भुटनदेवी माध्यमिक विद्यालयको प्रांगणमा यस सिजनको पहिलो नेपथ्य कन्सर्ट आयोजना हुन लागेको हो । हेटौंडापछि ब्यान्ड बुटवल पुग्नेछ । 'रोज डे' को साँझ माघ २४ गते रामनगरस्थित बुटवल इन्टरनेसनल कन्भेन्सन सेन्टरमा नेपथ्यले प्रस्तुति दिनेछ । शनिबार परेकाले बुटवल र आसपासका दर्शकका लागि यो साँझ संगीत र प्रेमको विशेष मिलन हुने आयोजकको अपेक्षा छ ।

त्यसपछि माघ २७ गते नेपथ्य नारायणघाट पुग्नेछ । क्याम्पाचौरमा हुने कन्सर्टमार्फत दर्शकले संगीतमय साँझको अनुभव गर्नेछन् । यही मैदानमा तीन वर्षअघि पनि नेपथ्यले प्रस्तुति दिएको थियो । हेटौंडा, बुटवल र नारायणघाट तीनै सहर तीन वर्षपछि फेरि नेपथ्यको स्वागतमा जुटेका हुन् । पहिलोचरणको चौथो तथा अन्तिम प्रस्तुति भने विशेष हुनेछ । फेब्रुअरी १४ अर्थात् भ्यालेन्टाइन्स डे का दिन नेपथ्य पहिलोपटक सुन्दर पहाडी नगरी बन्दीपुरमा गुञ्जिनेछ ।

ब्यान्डका मुख्य गायक अमृत गुरुङ भन्छन्, 'तीनवटै सहर बाट हामीले सधैं आत्मीय माया पाएका छौं । बन्दीपुरमा भने यसपटक गायकको रुपमा पहिलोपाइला चाल्दैछु, जुन अनुभवले निकै हौस्याएको छ ।' गुरुङका अनुसार बन्दीपुरमै बस्दा लेखिएका केही शब्दहरु नेपथ्यका गीतकारुपमा दर्शकसम्म आइपुगेका छन् । कन्सर्ट व्यवस्थापनको जिम्मेवारी हेटौंडामा रमाइलो इभेन्ट्स्, बुटवलमा ब्याकअप इभेन्ट म्यानेजमेन्ट, नारायणघाटमा नेपाल डायरीज र बन्दीपुरमा खड्गदेवी बन्दीपुर युथ क्लबले लिएका छन् ।

घोषणासँगै सुरु गरिएको अर्ली बर्ड टिकटमध्ये बुटवल, नारायणघाट र बन्दीपुरको कोटा सकिइसकेको आयोजकले बताएका छन् । विद्यार्थी तथा विशेष समूहका लागि छुट्टै सहुलियत टिकट पनि सीमित संख्यामा उपलब्ध छन्, जुन तीव्ररुपमा बिक्री भइरहेको जनाइएको छ । नेपथ्य व्यवस्थापन गर्दै आएको नेपालयका किरणकृष्ण श्रेष्ठका अनुसार, 'विश्वका ठूला सहरदेखि साना पहाडी बस्तीसम्म दर्शकले एउटै गुणस्तरको नेपथ्य अनुभव पाउन् भन्नेमा हामी सचेत छौं ।' यसपटक पनि प्राविधिक र मानवीय दुवै पक्षमा उच्चतम सेवा प्रयोग गरिने उनले बताए ।

पहिलोचरणका यी चार कन्सर्टपछि नेपथ्यको स्वदेशयात्रा दोस्रोचरण भने आगामी नोभेम्बरमा आयोजना गरिने ब्यान्डले जनाएको छ । सबै कन्सर्टमा अमृत गुरुङसँगै ड्रमसेटमा ध्रुव लामा, बेस गितारमा सुबिन शाक्य, गितारमा निरज गुरुङ, मादलमा शान्ति रायमाझी र किबोर्डमा दिनेशराज रेग्मी सहभागी रहनेछन् ।

साझाकुरा

## हाम्रो कुरा

# नेपालको विकासे मोडल

तत्कालीन राजा महेन्द्रले २०१६ सालमा आफैंले जीप हाँकेर काठमाडौंबाट हेटौंडा आएको यस लोकपथको निर्माण काठमाडौं-वीरगन्ज जोड्ने त्रिभुवन राजपथको विकल्पकारुपमा २०१३ सालबाट सुरु भएको थियो । नेपालमा विकासको मोडल हेर्न टाढा जानुपर्ने अवस्था छैन । मुलुकको राजधानी सहर जोड्ने कान्ति राजपथ हेरे पुग्छ । संघीय राजधानी काठमाडौं र बागमती प्रदेश राजधानी हेटौंडा जोड्ने छोटो सडककारुपमा रहेको कान्ति लोकपथको निर्माण सात दशकमा पनि सम्पन्न हुन सकेन । यो लोकपथलाई काठमाडौं-हेटौंडा जोड्ने छोटो दुरीको वैकल्पिक मार्ग मानिन्छ । करिव ९० किलोमिटर लम्बाइ रहेको मुलुककै पुराना सडक आयोजनामध्येको यो लोकपथको निर्माण सात दशकमा ७५ प्रतिशत सम्पन्न भएको छ । नेपाली सेनाले २०१३ सालदेखि २०१६ सम्म यसको ट्र्याक खोली निर्माण सुरु गरेको थियो । निर्माण सुरु भएदेखि हरेक वर्ष एक किलोमिटरका दरले काम गरेको भए अहिलेसम्म यो लोकपथको सम्पन्न भइसक्थ्यो तर, यो सडक आयोजनाले मुलुकको पूर्वाधार विकासको गतिलाई गिज्याइरहेको छ । यो लोकपथको निर्माण सुरु भएका बेला जन्मेका बच्चा अहिले वृद्ध भइसकेका छन् तर, यसको निर्माण सम्पन्न हुन सकेको छैन । कान्ति लोकपथ आयोजनाका इन्जिनियर राजन पाण्डेले आयोजनाको तीनतिहाइ काम सम्पन्न भइसकेको बताए । बजेटको अभाव तथा प्राकृतिक कारणले यो आयोजनाको काम सम्पन्न हुनमा ढिलाइ भएको र आगामी आर्थिक वर्षसम्म आयोजनाको सम्पूर्ण काम सम्पन्न गर्ने लक्ष्य लिइएको छ । कालोपत्रे गर्न बाँकी रहेको ठाउँमा अहिले एक लेनको मात्र सडक छ । चट्टान काटेर त्यहाँ दुई लेनमा स्तरोन्नति गर्नुपर्छ । त्यही भएर दुरी कम भएपनि भौगोलिक कठिनाइका कारण काम सम्पन्न गर्न समय लाग्ने देखिएको छ ।

यो लोकपथको सडकसीमा निर्धारण नगरिएकाले सडक सीमाभित्र घर/टहरा, रुखबिरुवा, बिजुलीका खम्बा, खानेपानी, ढलका पाइपलगायत 'युटिलिटी' का सामग्री र हनुका साथै लोकपथको निर्धारित क्षेत्रभित्र नै ढुंगा, बालुवालगायतको उत्खननको समस्या छ । यो आयोजनाअन्तर्गत बागमतीमा पुल निर्माण भइरहेको छ । दुई लेनको यो पुल ९० मिटर लामो हुने गरी डिजाइन गरिएको छ । १८ करोड रुपैयाँको लागतमा पुलको निर्माण भइरहेको हो । पुलको 'पाइलिङ' को काम सुरु भइसकेको छ । ठेक्का सम्झौताअनुसार पुलको निर्माणअवधि चालु आर्थिक वर्ष (२०८२/८३) को असार मसान्तसम्म रहेपनि यो अवधिभित्र काम सम्पन्न हुने सम्भावना छैन । काठमाडौंबाट यो लोकपथको शून्य किलोमिटर ललितपुरको टीकाभैरव रहेको छ भने हेटौंडाबाट यसको शून्य किलोमिटर हेटौंडाको बुद्धचोक रहेको छ । टीकाभैरवदेखि बुद्धचोकसम्म कुल ७९ किलोमिटर लम्बाइ छ । सामान्य अवस्थामा यो सडकको चौडाइ दुई लेनको रहेपनि भौगोलिकरुपले साँघुरो भएको ठाउँमा यसको चौडाइ 'इन्टरमिडियट साइज' को अर्थात् 'डबल लेन' र 'सिङ्गल लेन' को बीचमा छ । हेटौंडाको बुद्धचोकदेखि मकवानपुर गढीसम्मको दुरी १६ किलोमिटर, मकवानपुरगढीदेखि बगुवासम्मको दुरी ३५ किलोमिटर र बगुवादेखि टीकाभैरवसम्मको दुरी २८ किलोमिटर छ । बुद्धचोकदेखि टीकाभैरवसम्मको सडक कान्ति लोकपथ सडक योजनाले हेर्ने गर्दछ भने टीकाभैरवदेखि सातदोबाटोसम्मको १० किलोमिटर सडक उपत्यका सडक विस्तार आयोजनाले हेर्ने गर्दछ । गत आवदेखि यस सडकको 'एलाइन्मेन्ट' परिवर्तन गरी टीकाभैरवदेखि ललितपुरको एकान्तकुनासम्म गरिएको छ । यो सडक ललितपुरमा ३९ किलोमिटर र मकवानपुरमा ४० किलोमिटर पर्छ । आयोजनाका लागि चालु आवमा ४६ करोड रुपैयाँ विनियोजन गरिएको थियो । अहिलेसम्म आयोजनामा करिब चार अर्ब रुपैयाँ खर्च भइसकेको इन्जिनियर पाण्डेले जानकारी दिए ।

आयोजनाको लागतअनुमान ६ अर्ब रुपैयाँ रहेकामा अहिले संशोधन गरेर कुल लागत अनुमान ८ अर्ब ८३ करोड रुपैयाँ पुर्‍याइएको छ । २०७६ जेठ ६ गतेको मन्त्रीपरिषद्को बैठकले कान्ति लोकपथलाई रामार्गमा विस्तार गर्ने निर्णय गरेको थियो । राष्ट्रिय राजमार्ग कम्तिमा दुई लेनको हुनुपर्ने राज्यको नीति रहेपनि यो लोकपथमा त्यो लागु हुनसकेको छैन । अन्य राजमार्ग जस्तो यसको सडक सीमा ११ मिटर छैन । यसको सडक सीमा नालीसहित आठदेखि साढे आठ मिटरसम्म मात्र रहेको छ । सन् १९५४ मा राजा महेन्द्रले सडक निर्माण सुरु गरेपछि सुरुमा सडकको नाम टीकाभैरव-हेटौंडा सडक राखिएको थियो तर, सन् १९६२ मा नेपालकी महारानी कान्तिको नामबाट कान्ति राजपथ नामकरण गरिएको हो । सन् १९९० को दशकको अन्त्यतिर नेपाल सरकारले यस सडकलाई नेपाल-भारत सीमामा रहेको काठमाडौंदेखि वीरगन्ज जोड्ने त्रिभुवन राजमार्ग (एच०२) को वैकल्पिक राजमार्गकारुपमा मान्यता दिएको थियो । कान्ति लोकपथ निर्माण भए तराईबाट काठमाडौं प्रवेश गर्ने १३२ किलोमिटर दुरी छोटो हुनेछ । अहिले तराईबाट काठमाडौं प्रवेश गर्ने मुख्य मार्ग हेटौंडा-नारायणगढ-मुग्लिङ-नागढुंगा हो । यसको दुरी २३२ किलोमिटर छ । कान्ति लोकपथ निर्माणपछि ८० किलोमिटरमै हेटौंडाबाट काठमाडौं यात्रा गर्न सकिन्छ, जसले आमयात्रुको समय र सवारीको इन्धन दुवैको बचत गर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ १७ गते शनिबार ३१ जनवरी २०२६ । त्रयोदशी, माघ शुक्लपक्ष । पोहेलागा ११४६ ने.सं. । सूर्योदय ६:५३ सूर्यास्त ५:४२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा फाइदा मिल्नेछ | तुला | : प्रतिष्ठित काम पाइनेछ |
| वृष | : इनाम हात पर्नेछ | वृश्चिक | : सामाजिक दायित्व बढ्नेछ |
| मिथुन | : श्रम खेर जानेछ | धनु | : काममा सहयोग मिल्नेछ |
| कर्कट | : पढाइमा प्रगति हुनेछ | मकर | : अनावश्यक खर्च हुनेछ |
| सिंह | : उत्साहमा कमी आउनेछ | कुम्भ | : चिताएको काम बन्नेछ |
| कन्या | : आफन्तबाट धोका हुनेछ | मीन | : नसोचेको फाइदा पाइनेछ |

# प्रश्नबाट किन भागिरहेका छन् बालेन ?



✍राजन कुइकेल

देशलाई चुनाव लागेको छ । दललाई धेरै र अलिक अलिक जनतालाई । यस पटकको चुनाव भ्रमपूर्ण हल्ला र सूचनाबाट लपेटिने खतरा छ । उसै पनि यो देश कवि भूपी शेरचनले भनेझैं 'हल्लैहल्ला' को हो । 'कागले कान लग्यो भन्दा कान नछामी कागको पछि दगुर्ने' जमातको बाहुल्य भएको समाजमा जसले बढी हल्ला, कूप्रचार र भ्रम फैलाउन सक्यो उसैले बाजी मार्दछ । 'बोल्नेको पिठो बिक्ने र नबोल्नेको चामल नि नबिक्ने' र कुहिने समाजमा यस्तो हुनु स्वभाविक पनि हो । यस पटकको निर्वाचनमा यो हल्ला र भ्रमको फैलावट निकै ठूलो र एकोहोर्‍याउने हुनेछ । विभिन्न सामाजिक सञ्जाल, एआई लगायत पछिल्ला प्रविधिको व्यापक दुरुपयोग, एल्गोरिदमको खेलले चुनावी नतिजालाई असर पार्ने निश्चित छ । जो वा जुन समूहले पछिल्ला प्रविधिलाई बढी दुरुपयोग गर्न सक्छ उसलै जनताको मन र मत कब्जा गर्नेछ ।

निर्वाचनमा मुखुण्डो ओढेका विभिन्न पात्र र प्रवृत्ति देखिने छ । देखिन थालिसकेको छ । नयाँ, पुराना वा अधमेस्रो जे नाम दिनोस्, तिनको पहिलो र मूल लक्ष्य मतदातालाई प्रभावित तुल्याउनु नै हो । अब बेच्न धोक्राका सातु नभए पनि बोक्रामा लेपन त छँदैछ । आमसर्वसाधारण र भुइँमान्छेका समस्याभन्दा झिल्के मुद्दाले प्राथमिकता पाउने छ । मुद्दाभन्दा मुहार केलाउने मतदाता भएको समाजमा झिल्केहरूले बेच्ने पनि त त्यस्तै विषय न हुन् । अझ माथिदेखि तलसम्म सिधा चिरा परेको समाजमा जसले जे भने पनि त्यसमा विभाजित हुनु कुन नौलो भयो र ?

२३/२४ भदौपछि नेपाली समाजमा झन् बढी दरार बनेको छ । अथवा, बनाइएको छ, जे भनौं । नेपालीबीचको भ्रातृत्व प्रेम सकिएझैं छ । एकले अर्कालाई अपराधीकरण गर्न खोज्छ । अपराधमा संलग्नलाई हेर्ने दृष्टिकोण होइन, स्वार्थ र उन्मुक्तिलाई अगाडि राखेर तर्कहरू सुनिन्छन् । निष्पक्ष आवाज या त सुनिन्न या महत्व नै दिइन्न । किनारामा धकेलिन्छ । सत्ताबाट मिल्काइएका र सत्ता कब्जाका लागि तयार गरिरहेकाहरू बीचको लाञ्छना त्यसैको वरिपरि छ । त्यो मिति देखाएर मतमतिएका र भुतभुतिएकाहरूको 'अर्जुनदृष्टि' फगत सिंहदर बारको शक्ति कब्जामा सीमित छ । दूर्भाग्य ती दिन मारिएका, घाइते भएका, लुटिएका, जलाइएका, कुटिएका, भुटिएकाहरूको न्यायबारे कोही बोल्दैन । दण्ड र न्याय कुन चराको नाम हो पत्तो छैन ।

मिल्किएकाहरू २४ भदौको घटनालाई अतिरञ्जित गर्दै दण्डको माग गरिरहेका छन् । उनीहरू २३ गते मारिएका होनाहार युवाको र गतबारे बोल्न चाहँदैनन् । सत्ताको बन्दुकले निमोठेको जीवन तिनका लागि फगत संख्या हो । मृत्यु गणना गर्ने गणितको संख्या । उसैगरी मिल्काउनेहरू पनि २३ भदौमा मात्र सीमित छन् । २३ को हत्यामा संलग्न अपराधी । तर, २४ गते देशको ऐतिहासिक सम्पदा, धरोहर, सार्वजनिक र निजी सम्पत्ति नष्ट गर्नेहरू निरापराध । उन्मुक्ति उनीहरूको सार छ । यही ब्याख्या र भाष्य निर्माणमा समय खर्चिरहेका छन् । के त्यही हो यथार्थ ? होइन । त्यसैले, न्याय खोज्नेहरूले एकस्वरले भन्नुपर्दछ, 'तिम्रा सत्ताका लागि मारिएका र विध्वंश गराइएका सबैका निम्ति समान रूपमा न्याय सुनिश्चित गरिनुपर्दछ । हाम्रा लागि दण्डहीनता चाहे २३ को होस् वा २४ को दुवै अस्वीकार्य छ ।'

यो दण्डहीनताको दौरा समातेर फेरि उसैगरी बिचौलिया र कालाबजारीहरूले आफ्नो यात्रा थालिसकेका छन् । बिचौलियाबेष्टित शासनबाट वाक्क भएका जनताको आक्रोश देखेका केही पात्र सुस्त सल्बलाहटमा रहँदा केही तन्किसकेका छन् । भदौरे विद्रोहमा अनेकन आशंकाबाट घेरिएका र विपक्षीबाट प्रहार व्यहोरि रहेका काठमाडौं महानगरपालिकाका पूर्वमेयर बालेन्द्र शाह (बालेन) अहिले त्यस्तै स्वार्थ समूहको घेरामा परिसकेका छन् । पाँच वर्षका लागि निर्वाचित आफ्नो कर्तव्य र दायित्व भुलेर पद लत्याउँदै प्रतिनिधिसभा निर्वाचनका लागि मैदानमा ओर्लिएका उनीमाथि चासो हुन स्वभाविक हो । शुभचिन्तक, समर्थक र आलोचकले उनका क्रियाकलापमा चासो राख्नु नौलो भएन । तर, मौकापरस्त बिचौलिया र कालाबजारी-साहूमहाजन उनको अभेद्य किल्ला तोडेर निकट भइसकेका रहेछन् । आमसर्वसाधारण लागि दुर्भेद्य मानिने उनीसँगको भेट, स्वार्थी समूहका लागि सहज छ भन्ने देखियो ।

त्यसैले त राज्यको कमजोरीलाई बल बनाएर अखाद्य वस्तु उत्पादन, बिक्री र त्यसबाट कालोधन थुपारिरहेको एक व्यापारीले उनीमाथि गरेको लगानीको खबरले नेपालीजन आश्चर्यचकित छ । पुराना दल र नेताको सत्ता र शक्तिमाथिको बर्चस्व तोड्ने किरिया खाएर तीन वर्षयता राजनीतिमा दौडिरहेको, राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट आगामी प्रधानमन्त्रीका उम्मेदवार घोषित उनलाई कालाबजारी बिचौलियाले बोकेको देख्दा स्तब्ध बन्नु अस्वाभाविक होइन । नेपालमै केही संख्यामा मात्र भित्र्याइएको बुलेटप्रुफ (बन्दुकको गोलीसमेत प्रतिरोध गर्नसक्ने) कालो गाडीमा उनको सवारी गरीब जनताको त्राणहारण बन्छौं भन्नेहरूलाई कत्तिको सुहाउँदो विषय होला ?

'अरुले भ्रष्टाचार गरेर करोडौं, अर बौं कुम्ल्याएका त छन् उनले गाडी चढे त चढे' भन्ने कूतर्क गर्नेहरू गुलाम समाजका लागि अन्यथा पनि होइन । तर, जवाफदेही र पार दर्शी समाज, राजनीति र प्रशासन खोज्नेहरूको प्रश्नको जवाफ नदिएरै बालेन निर्वाचनको मितिसम्म अडिन सक्लान् ? हामीलाई चाहिएको प्रश्नबाट भाग्ने भगुवा होइन, चुनौतीको सामना गर्ने सबैलाई सम्हालेर लैजाने अगुवा हो । निष्पट्ट कालो/अँध्यारोमा रम्ने लाटोकोसेरो होइन, औंशीको निष्पट्टताबीचमा पनि उज्यालोको धिपधिपे देखाउने जुनकिरी चाहिएको हो । समस्याहरूसँग लुक्ने लुकुवा होइन, मार्ग देखाउनसक्ने पथ प्रदर्शकको खोजी हो ।

पुराना भनिएका दल र नेता, तिनले गरेका निर्णयमा आलोचनात्मक चेत राखेर विवेचना नगर्ने पंक्तिका कारण अधोगतिमा पुग्यो । अब नयाँ भनिएका पात्र र दलहरूप्रति उसैगरी अन्धता अर्पण गर्नेहरू छन् । हिजो स्कूल, कलेज र विश्वविद्यालयमा राजनीतिको पुल्ठो सल्काउने युवा हुन् वा आज सामाजिक सञ्जाल र इन्टर नेटमा आगो झोस्ने सांख्यिकीकृत (डिजिटलाइज) जमात ती दुवैमा एकैखाले वैचारिक अर्बूद (क्यान्सर) सल्किएको देखिन्छ । यो अन्धभक्तिवाला समर्पणले समाजलाई तुष्टीकरणमा मात्र लैजानेछ । सुधारमा होइन । समभ्रmमा होइन । सत्यानाश यसको गन्तव्य हुनेछ । नागरिकको मत लिन लामबद्ध उम्मेदवारहरू नागरिकका प्रश्नको जवाफ दिँदैनन् र पारदर्शिता तिनका गोजीको सुपारी ठान्छन् भने त्यसले समाजलाई अँध्यारो सुरुङ र अनिश्चित भविष्यतिर धकेल्नेछ । प्रश्न सोध्ने जनताभन्दा म माथि हुँ भन्ने घमण्ड तिनले बोक्छन् भने ती लोकतान्त्रिक व्यवस्थालाई सिँढी बनाएर यही व्यवस्थाको हत्या गर्न उद्दत हुनेछन् ।

पुराना नेताले गरेको राज्यदोहन र बेथितिबाट निराश मतदाताले पनि के बझ्न जरुरी छ भने, तानाशाह सधैं बल प्रयोग गरेर उदाउँदैन । जनताको थकान, निराशा र भ्रमको फाइदा उठाउन उद्धारकर्ता बनेर निम्तन्छ । अहिले हाम्रो समाजमा सबै उस्तै हुन् भन्ने भावना छ । बेरोजगारी, ऋण र वैदेशिक पलायनले छिन्नभिन्न पारेको छ । दण्डहीनता र ठूला शक्तिवालाहरू कानुनको छिद्र प्रयोग गरेर उम्किर हँदा न्याय निमुखालाई होइन पहुँचवालाई भन्ने भएको छ । संविधान र संस्थाप्रतिको थकानले गणतन्त्रले पनि केही दिएन भन्ने धारणा व्याप्त छ । आक्रोश यस्तो छ कि चाँडो समाधानका नाममा सबैमा एउटा 'जंगबहादुर' वा 'हिटलर' खोजी छ । यही अवस्था हो, तानाशाही सोचका लागि उर्वर बिन्दु । फागुन २१ को निर्वाचनबाट कुनै तानाशाह उदाउने सम्भावना त न्यून छ । तर, विचार नपुर्‍याए संवैधानिक छिद्र, वैदेशिक चासो र निराशाको व्यापकतामा भएको संवैधानिक प्रबन्ध र व्यवस्था चकनाचुर नहोला भन्न सकिन्न । कोतरिएको संविधान, सञ्चारमाध्यम, नागरिक समाज, अन्तर्राष्ट्रिय निगरानी त जीवित छन् तर, संकटमा मुकदर्शक बन्ने सुरक्षा निकायको ध्येय के ? भन्ने निश्चित छैन । कोही बताउन सक्दैन ।

प्रणालीमा सुधारभन्दा एक व्यक्तिकेन्द्रित समाधान खोज्ने सोचले यो बाटो उर्बर बनाउन सक्छ । उदारवादी राज्य व्यवस्थाका आधार मानिने संसद, दल, प्रेस, नागरिक समाजलाई बाधक मानेर हालैका महिनाहरूमा गरिएका हमला कम्ती योजनावद्ध होइनन् । कानूनी सीमा र विधिलाई लत्याउँदै लोकप्रियतालाई मात्र मानक मान्नेहरूको जगजगी अधिनायकत्व खोजी गर्नेहरूका लागि सिमखेत हो । भीडलाई विवेकले तान्ने होइन त्यसैको समर्थनलाई नैतिक वैधता ठान्ने प्रवृत्ति अर्को खतरनाक संकेत हो । विवेक गुमाउने र भीडको लहैलहैमा लतारिने व्यक्ति नेता चुनिएमा उसले त्यही जनमत अर्थात् चुनावको गणित देखाएर अधिनायकत्वतर्फ समाज र मुलुकलाई घिसार्ने छ ।

इतिहासमा हिटलर, मुसोलिनी, चाभेज, दुतेर्ते, ओरबान जस्ता अधिनायक नेता जन्मँदा पनि समाज थाकेको थियो । लामो संक्रमण, असफल सुधार, दोहोरिँदो निराशा र लोकतन्त्रले समय खेर फाल्यो भन्ने आम अनुभूति थियो । थोरै स्वतन्त्रता जाओस् तर व्यवस्था चलोस् भन्ने सोच तथा मानवअधिकारलाई आयातित सुविधा ठानिन्थ्यो । पुराना दल, पत्रकार(मिडिया), बुद्धिजीवीलाई शत्रु करार गर्नुका साथै समावेशी स्थान खोज्नेहरूलाई 'राष्ट्रविरोधी' भनेर ट्याग लगाइन्थ्यो । कानुन होइन, भीडको ताली नै न्यायिक भन्ने भाष्य र व्यवहार निर्माण । आलोचना गर्नेहरूलाई देशद्रोही करार गरिने र सत्य-तथ्यभन्दा आक्रोश, डर र गर्व प्रधान मानिने हुँदा गलत सूचना र अफवाहले राजनीति चलाउँछ ।

हाम्रो समाजमा पनि 'मानवअधिकारले देश बिगार्‍यो', 'कडा शासन चाहियो', एउटा त्यस्तो व्यक्ति आओस् र सबै मिलाइदिओस् भन्ने भाष्य तानाशाहलाई आमन्त्रण पत्र हो । त्यसैले फागुन २१ को निर्वाचनले एकैचोटी तानाशाह जन्माइ त नहाल्ला तर, अधिनायकवादी सोचलाई वैधता दिन सक्ने र संस्थाभन्दा व्यक्ति बलियो बनाउने ढोका खोल्ने गम्भीर खतरा छ ।

*(साभार: अनलाइनखबर)*

# ओली सत्ताविरुद्ध युगको विचार र बालेनको भीड

✍डिकर्ण मल्ल

निर्वाचन केवल सरकार चयन गर्ने गणितीय प्रक्रिया मात्रै होइन । यो नागरिक सहभागितामार्फत लोकतन्त्र सुदृढीकरणको सबैभन्दा प्रभावकारी माध्यम पनि हो । प्रतिनिधिहरू आफ्ना एजेन्डा लिएर चुनावी मैदानमा प्रस्तुत हुन्छन् र त्यसै आधारमा जनताले आफ्नो स्वतन्त्र मताधिकार प्रयोग गरी योग्य उम्मेदवार छान्छन् । तर यसको प्रयोग नेपालमा लोकतन्त्र आगमनको लगभग दुई दशकसम्म पनि सत्ताको कुर्सीमा उहीँ पात्र र प्रवृत्तिको पुनरावृत्ति हेर्दा यो लोकतन्त्र संस्थागत नभई राजनीतिक गुण्डागर्दीको चलनलाई निरन्तरता दिने वैधानिक माध्यम जस्तै बनेको छ । कतिपय ठाउँमा शक्तिकै आडमा बुथसमेत कब्जा गरेर चुनाव जितेका तथ्य पनि छन् । प्रतिनिधिसभा निर्वाचन ०७९ को पूर्ण कार्यकाल नसकिँदै परि स्थितिवश नागरिक माझ पुन: मत प्रयोगको अवसर आइपरेको छ । बहुदलीय लोकतन्त्रमा आधारित स्थिर सरकार चाहने मुलुकका निम्ति यो सायदै देख्न र भोग्न विवश क्षण हो ।

यतिबेला निर्वाचन क्षेत्र झापा- ५ हटस्पट बनेको छ । यसको मुख्य केन्द्रमा छन् बालेन, आम जनतामा उनको महिमा मण्डनको खास कारण ओलीलाई चुनौती दिँदैछन् भन्ने छ । तर स्मरण रहोस्, ०७९ को संसदीय निर्वाचनमा पनि जो बालेनभन्दा अघि नै स्वतन्त्र उम्मेदवारका रूपमा केपी ओलीविरुद्ध वैचारिक मेनिफेस्टोसहित उभिएका थिए । ती हुन् लेखक तथा नागरिक अभियन्ता युग पाठक । खासमा उनी झापा-५ मा प्रकट हुनु अघि जेठमै स्थानीय निर्वाचनमा काठमाडौंको मेयर पदमा लड्ने हल्ला पनि थियो । तर स्वतन्त्र लहरको होहल्ला माझ काठमाडौंमा बालेन झुल्किए । युग पाठक भने मंसिरमा प्रतिनिधिसभाका लागि राजधानीबाट मोफसलमा पुगे । यहाँसम्म स्वतन्त्र नामको ट्रेन्ड दल भित्र कि दल बाहिर भनेर आफूलाई मतदातासामु प्रस्तुत हुने केवल साझा चिनारी थियो । तर राजनीतिक विचारको हिसाबले पाठक र बालेन बिलकुलै दुई फरक ध्रुव हुन् । युग पाठक राष्ट्रवादी भाष्यप्रति सचेत आलोचक हुन् भने बालेन भावनात्मक राष्ट्रवादका कट्टर समर्थक । बालेनको चुनाव चिह्न लौरो थियो भने युग पाठकको चुनाव चिह्न पुतली । यतिखेर युग पाठकझैं ओलीसामु बालेन उभिएका छन् । तर दृश्य फरक छ ।

युग पाठकले चुनाव प्रचार-प्रसारका लागि बालेनले जस्तै दलबलका साथ लोक रिझ्याइं गरेनन् । वास्तवमा को हुन् युग पाठक ? जो चुनावी तामझाम बिना केवल एकजना हितैषी साथ बस चढेर ओलीगढ झापा पुगेका थिए । युग पाठक सत्ता र स्थापित इतिहासलाई प्रश्न गर्ने समकालीन बौद्धिक व्यक्ति हुन् । प्रगतिशील राजनीतिक विचारको पृष्ठभूमिमा स्थापित उनको आलोचनात्मक दृष्टिकोणलाई उनी सामूहिक चेतनाका रूपमा जोड्ने आन्दोलनमा थिए । त्यसलाई उनले उत्स्रवण आन्दोलन अर्थात 'ओजुलुसन मुभमेन्ट' नाम दिएका थिए । यसको अर्थ हत्केलाले केही उजाउने भन्ने हुन्छ ।

दर्शनमा यसको प्रयोग लाक्षणिक अर्थमा विचारको उभारलाई अञ्जुलीको स्वरूपले उघार्नु हो । यसले विद्यमान नेपाली समाजका मूल समस्या उजागर र समाधान खोज्न प्रेरित गर्छ । नेपाली समाज विविध समस्याले घेरिएको छ । यस सबैका पछाडि उनले दार्शनिक सङ्कट रहेको निष्कर्ष निकाल्छन् । उनका अनुसार जमिनसँग जोडिएको नेपाली समाजको जरा कृषिको समाप्तिसँगै रेमिटेन्समा परनिर्भर अर्थतन्त्र उदयको मूल कारण हो- 'युरो-उपनिवेशी व्यूह' । यसले निर्माण गरेको विश्वव्यापी विकास र विकारको दलदलमा नेपाली समाज मात्र होइन, पूरै विश्व फसेको तर्क गर्छन् उनी । भविष्यको चिन्ता र वर्तमानको निकास खोज्नु यस दर्शनको उपदेयता हो । जसले प्रकृति, स्थानीय ज्ञान र जन-जनको शिर उठाउने मौलिक अभियान प्रारम्भ गरी विकास र विचारको युरो-उपनिवेशी व्यूहबाट निस्कन आग्रह गर्छ ।

विगत चार वर्षदेखि डिजिटल पत्रिका चेतलुङमार्फत उनले वैचारिक अभियान पनि चलाए । तर, बहुराष्ट्रिय कम्पनीका विज्ञापनमुखी बजार-केन्द्रित मिडियासामु विचारको आँधीबेहरी उठाउने प्रयास असफल रह्यो । मिथकमार्फत आफ्ना विचार भन्ने लेखक युग पाठकको 'उर्गेनको घोडा' उपन्यास माओवादी जनयुद्धले उब्जाएका केही विरोधाभासी प्रश्नलाई न्यायपूर्ण ढङ्गले जवाफ दिने सशक्त कृति हो । यसले सीमान्तकृत समुदाय र आवाजविहीन वर्गप्रति संवेदनशील भएर राज्यलाई प्रश्न गर्छ । अर्को 'माङ्गेना' पुस्तक साहित्यमा एक विचारको उभार हो । यसले राष्ट्रवादी भाष्यप्रति पनि प्रखर आलोचनात्मक चेत प्रकट गर्छ । जुन किताब अत्यधिक प्रशंसा साथै विवादास्पद पनि रह्यो । उनलाई नेपाली समाजको प्रगतिशील तप्काले सम्मान र अतिराष्ट्रवादी तप्काले कट्टर आलोचनाको नजरले हेर्छ ।

ओलीको अकर्मण्यताविरुद्ध होस् या कुनै पनि सरकार हुँदा राज्यसत्ताको अलोकतान्त्रिक कदम विरुद्ध सयौं लेख लेखे उनले । तर दुर्भाग्य नै भन्नु पर्ला नेपाली समाजले युगलाई चिन्दैन बालेन चिन्छ । किनकि यो विचार र भिडको द्वन्द्वात्मक युग हो । जहाँ विचारलाई पराजित गरेर भिडको बिजय हुन्छ, बहुमतको राजनीतिमा यसलाई केही हदसम्म लोकतान्त्रिक प्रकिया मान्न त सकिएला तर बिचारहीन राजनीतिको अफिममा लट्ठिएको समाजले भोग्ने दुर्दशा अन्तत: यही नै हो यो ।

यतिबेला राजनीतिमा विचार भन्ने चीज कुनै लोपोन्मुख चराको नाम जस्तै छ । आजको पुस्ताले राजनीति, इतिहास, दर्शन र समाज खासै केही पढ्दैन । पढ्ने सिमित पाठकहरूमा पनि सतही समझ छ । सामाजिक जीवन आफैंमा राजनीतिमय छ । विचार र व्यवहारको तालमेल मिलाउन जाने पनि नजाने पनि आखिर लेखकले लेख्ने साहित्य र सिद्धान्त नै हो । जो पाठकीय विचारको शुष्म झ्यालबाट मन-मस्तिष्कमा पुगेर विद्रोहको बीउ रोप्न सक्छ । सायद यतिबेला युग पाठक आफ्नो कुनै अर्धलिखित उपन्यासको पुरानो पाण्डुलिपि खोतल्दै होलान ।

बालेन, युग पाठकको राजनीतिक, वैचारिक पहुँचको छेउछाउसम्म मुस्किलैले पुग्लान् । तर युग पाठकलाई झापाले चिनेन । अहिले झापाको चुनावी प्रचार-प्रसार हेर्दा देश-मधेस बालेनमय उर्फ घण्टीमय छ । भिडको आकर्षक, जानकी र पाथिभारा माताको आशीर्वाद आफूसँग भएपछि पब्लिक बहस बहिस्कार ठूलो कुरा होइन । यसको अन्तर्य बालेनको हाइरार्कीसँगै पछिल्लो समय उनले लिएको पार्टीको पक्षधरता हो । उनी आबद्ध पार्टीले न संघीयताको स्पष्ट वकालत गर्छ, न गणतन्त्रको । बरु रास्वपाका शीर्ष नेताहरू नै प्रदेश खारेजीको पक्षमा छन् । तर पनि मधेस पुगेपछि संघीयताको कुन गीत गाउने र पहाड चढेपछि मन्दिरमा शिर झुकाउने ज्ञान उनलाई नेपाली राजनीतिले राम्रैसँग सिकाइसकेको छ ।

यतिबेला झापा- ५ को निर्वाचन ओली कि बालेन, कसले जित्छ भन्ने होइन । पुन: ओली चुनिए भने अनौठो मान्नुपर्ने छैन । राप्रपा जस्तो दक्षिणपन्थीको साथ लिएर भएपनि जित पोल्टामा पार्न सक्छन् उनी । ओली पराजित हुनु भनेको एक किसिमले झापा- ५ ले प्रतिगमन विरुद्ध परिवर्तन चाहन्छ भन्ने तर्क त आउन सक्छ तर साथसाथै बालेनको उदयसगैं युग पाठकजस्ता वैचारिक साधकलाई नचिन्ने झापा- ५ बाटै नेपाली समाजको राजनीतिक बौद्धिक दरिद्रता पनि प्रमाणित हुनेछ । यसर्थ झापा- ५ पुन: चेतनाको कटघरामा उभिएको छ ।

### दल नयाँ कि विचार ?

समय परिवर्तनशील छ । यहाँ एक शब्दमा भन्नुपर्दा हामीलाई सबै कुरा नयाँ चाहिन्छ । तर मननीय कुरा के हो भने, जेनजी आन्दोलनपछि जिउँदो जाग्दो एउटा सवाल खडा भएको छ । अब पुराना दल कि नयाँ ? कुनै पनि दलहरू निश्चित सिद्धान्तमा आधारित हुन्छन् । यो दल निर्माणको आधारभूत सर्त हो । सन् १७८९ को फ्रान्सेली राज्य क्रान्ति पश्चात् जन्मिएका दुई खेमा, जुन हालसम्म दक्षिणपन्थी र वामपन्थी राजनीतिक विचारधाराको प्रतिनिधित्व गर्छन् । राजनीतिशास्त्र अनुसार परापूर्वकालदेखि राजतन्त्रमा आस्था राख्ने दलहरू बाहेक आफूलाई समयको मागअनुसार परिमार्जन गर्दै लोकतान्त्रिक समाजवादी व्यवस्थामा विश्वास गर्ने सबै दलहरू सङ्गठनात्मक हिसाबले मात्रै नभई विचारले पनि नयाँ हुन् । यसमा कुन दलको कुन मितिमा न्वारान गरियो र हाल कति वर्ष पुरानो भयो भन्ने कुराले अर्थ राख्दैन ।

इतिहासमा नेपाल प्रजा परिषद्, राप्रपा, नेमकिपा, नेपाल लोकतान्त्रिक फोरम, जनमोर्चा लगायतका पार्टी सत्ता साझेदारका वाहक थिए । आजको राजनीतिमा यिनको नामसम्म त छ, तर प्रभाव लगभग शून्य छ । निरंकुश राजतन्त्रात्मक समयमा विचारका हिसाबले प्रजातन्त्र नै सबैभन्दा नयाँ विचार थियो । गणतन्त्रमा लोकतन्त्र यसको परिमार्जित स्वरूप भएर आयो । युवा पुस्ता आजका आवश्यकता हुन् । तर समाजको उत्पत्ति, राजनीतिक विकासका ऐतिहासिक चरण, आजको वर्तमान राज्य-राष्ट्रको आवश्यकता र अवधारणाबारे सतही समझसम्म नराखी जतिसुकै 'डिजिटल डेमोक्रेसी' को रटान गरे पनि अन्तत: समाज धकेलिने उल्टो गतितिरै हो ।

तसर्थ नयाँ स्वरूप तर विचार पुरानै लिएर आए भने ती नामका मात्रै नयाँ हुन् । यतिखेर विश्व चरम पुँजीवादको उत्तरार्द्ध र समाजवादको सुरुआती चरणमा छ । यसर्थ लोकतान्त्रिक समाजवादको वकालत गर्ने सबै दलहरू नयाँ हुन् । अझ नेपालको सन्दर्भमा लोकतन्त्र, संघीयता र धर्म निरपेक्षता जस्ता राजनीतिक आन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्न जन्मिएका प्रत्येक दल नयाँ हुन । यद्यपि साझा एजेन्डा भएका हरेक राजनीतिक दल र सामाजिक सङ्गठनहरू सामूहिक चेतनाले एउटै खेमामा जोडिनु अपरिहार्य छ । यहाँनेर प्रश्न उठ्न सक्छ, समाजवादको वकालत काँग्रेसदेखि कम्युनिस्टसम्म सबै दलले गरेकै छन् नि ! उसो भए पुराना कसलाई भन्ने ? जवाफ सरल छ, विचारधाराको हिसाबले दल पुरानो होइन, बरु ती दलहरूभित्रका नेताहरू पुराना हुन सक्छन् । ती दलभित्र तिनै नेताहरूको विकल्प खोज्ने हो, दलको होइन ।

*(साभार: बाह्रखरी)*

# यी हुन् टी-२० विश्वकप खेल्ने नेपालका १५ खेलाडीहरु

काठमाडौं/नेपाली क्रिकेट टोलीले तेस्रोपटक आईसीसी टी-२० विश्वकप खेल्दै छ । आगामी फेब्रुअरी-मार्चमा भारत र श्रीलंकामा हुने विश्वकपका लागि नेपालको १५ सदस्यीय टोली घोषणा पनि भइसकेको छ । युवा तथा अनुभवी खेलाडीको समिश्रण रहेको नेपाली टोलीमा सन् २०१४ मा पहिलोपटक विश्वकप खेलेको टोलीबाट सोमपाल कामी मात्र छन्। बाँकी खेलाडीहरू कोही पहिलोपटक अनि कोही दोस्रोपटक विश्वकप खेल्दै छन् ।

कप्तान रोहित पौडेल सहित ९ खेलाडीहरू दोस्रोपटक विश्वकप खेल्दै छन् । रोहितसहित उपकप्तान दीपेन्द्रसिंह ऐरी, करण केसी, सन्दीप लामिछाने, ललित राजवंशी, कुशल भुर्तेल, आसिफ शेख, सन्दीप जोरा र गुल्शन झाले सन् २०२४ को विश्वकपमा खेलेका थिए । यस्तै पाँच खेलाडीले भने पहिलोपटक विश्वकप खेल्ने मौका पाएका छन् । राष्ट्रिय टिममै पहिलोपटक परेका शेर मल्लसहित बसिर अहमद, लोकेश बम, आरिफ शेख र नन्दन यादव पहिलोपटक विश्वकप सहभागिता हुनेछ । नेपालले विश्वकपमा समूह चरणका सबै खेलहरू मुम्बईस्थित वांखडे स्टेडियममा खेल्नेछ । नेपाल इंग्ल्यान्ड, इटली, वेस्ट इन्डिज र स्कटल्यान्डसँग खेल्नेछ । नेपाली टोलीमा रहेका १५ खेलाडीबारे आज चर्चा गर्नेछौं ।



### रोहित पौडेल

रोहित पौडेलले लगातार दोस्रोपटक नेपाली टोलीको कप्तानी गर्दै टी-२० विश्वकप खेल्न लागेका छन् । रोहित गत विश्वकपमा सबैभन्दा कान्छा कप्तान समेत थिए । २३ वर्षीय रोहित अलराउन्डर हुन् । उनले दाँयाहाते ब्याटिङ अनि पार्ट टाइम स्पिन बलिङ गर्छन् । रोहितले सन् २०१९ जनवरीमा यूएईसँगको खेलमार्फत नेपालका लागि टी-२०आईमा डेब्यू गरेका थिए ।

त्यसयता रोहितले नेपालका लागि ७६ टी-२०आई खेलमा ८ अर्धशतकसहित १६३७ रन बनाएका छन् । उनको उच्च स्कोर ६१ रहेको छ । बलिङमा उनले १३ विकेट लिएका छन् । रोहितले साढे ६ को इकोनोमीमा बलिङ गर्छन् । रोहितले गत विश्वकपमा नेपालका लागि ३ खेलमा ३६ रन बनाएका थिए भने २ विकेट पनि लिएका थिए ।

लगातार दोस्रोपटक विश्वकपमा टिमको नेतृत्व गर्न पाउँदा रोहित उत्साहित छन् । 'टिमका सबै खेलाडी उत्साहित छन् । टिम पनि राम्रो छ । हाम्रो तयारी पनि राम्रो भएको छ, विदेशी प्रशिक्षकहरू पनि आउनुभएको छ' कप्तान रोहितले भनेका छन्, 'बिल्डअप पनि राम्रो भएको छ । एक्सपोजर पनि पाइएको छ।' कप्तान रोहितले मैदानमा ११० प्रतिशत दिएर प्रदर्शन गर्ने र नेपाली समर्थकहरूलाई खुसी प्रदान गर्ने बताएका छन् ।

### दीपेन्द्रसिंह ऐरी

नेपाली टोलीका उपकप्तान रहेका दीपेन्द्रले पनि दोस्रोपटक टी-२० विश्वकप खेल्दै छन् । २६ वर्षीय दीपेन्द्र नेपालका स्टार अलराउन्डर हुन् । उनले दाँयाहाते ब्याटिङ तथा स्पीन बलिङ गर्छन् । दीपेन्द्रले नेपालका लागि सन् २०१८ जुलाईमा लर्ड्समा भएको नेदरल्यान्ड्सविरुद्धको खेलमार्फत टी-२०आईमा डेब्यू गरेका थिए ।

आईसीसी टी-२०आई वरियतामा दोस्रो स्थानसम्म पुग्न सफल भइसकेका दीपेन्द्रले नेपालका लागि ९० खेलमा १ शतक र १० अर्धशतक सहित १९५६ रन बनाएका छन् । दीपेन्द्रको उच्च स्कोर ११० नटआउटको छ । उनी नेपालका लागि टी-२०आईमा सबैभन्दा धेरै रन बनाउने खेलाडी समेत हुन् । २००० रन पूरा गर्नबाट उनी ४४ रन मात्र टाढा छन् ।

दीपेन्द्रले बलिङमा ५८ विकेट पनि लिएका छन् । ६ को इकोनोमीमा बलिङ गरेका दीपेन्द्रले २ पटक ४-विकेट प्रदर्शन गरेका छन् । दीपेन्द्रले नेपालका लागि विभिन्न कीर्तिमानहरू पनि बनाएका छन् । सबैभन्दा कम बलमै अर्धशतक बनाएर नतोडिने विश्व कीर्तिमान बनाएका दीपेन्द्रले एकै ओभरमा ६ छक्का समेत प्रहार गर्ने दुर्लभ उपलब्धि पनि हासिल गरेका छन् ।

गत टी-२० विश्वकपमा दीपेन्द्रले ३ खेलमा ३२ रन बनाएका थिए भने बलिङमा ६ विकेट लिएका थिए । दीपेन्द्रले नेपालको टोली पहिलेभन्दा अनुभवी भएर आएको र त्यसले अवसरसँगै चुनौती पनि खडा गरेको बताएका छन् । 'हामी विश्वकपमा ठूला राष्ट्रसँग खेलेका छौं, सिरिज पनि खेलिरहेका छौं, अनुभव बटुल्न धेरै मद्दत पुगेको छ' दीपेन्द्रले भनेका छन् । दीपेन्द्रले यसपटकको विश्वकपमा सुपर ८ मा पुग्ने लक्ष्य राखेको बताएका छन् ।

### सोमपाल कामी

सोमपाल कामी नेपालका लागि तीनवटै विश्वकप खेल्ने एकमात्र खेलाडी हुन् । यो हिसाबले उनी टिमका सबैभन्दा अनुभवी खेलाडी हुन् । २९ वर्षीय सोमपाल दाँयाहाते पेस बलर हुन् । उनले तल्लोक्रममा ब्याटिङबाट पनि योगदान दिन सक्छन् । सोमपालले सन् २०१४ को टी-२० विश्वकप अन्तर्गत हङकङसँगको खेलमा नेपालका लागि टी-२०आई डेब्यू गरे । त्यो नेपालको पहिलो टी-२०आई खेल थियो ।

सोमपालले नेपालका लागि ८६ खेलमा ८१ विकेट लिएका छन् । ७.१४ को इकोनोमीमा बलिङ गर्ने सोमपालको औसत २३ को छ । ब्याटिङमा सोमपालले ४० को उच्च स्कोरसहित ३६५ रन बनाएका छन् ।

सोमपालले सन् २०१४ को टी-२० विश्वकपमा ३ खेलमा ४ विकेट लिएका थिए । ब्याटिङबाट कुनै योगदान हुन सकेन । यस्तै सन् २०२४ को टी-२० विश्वकपमा सोमपालले ३ खेलमा ३ विकेट लिए । ब्याटिङमा ८ रन मात्र बनाएका थिए ।

सोमपालले पहिलोपटक विश्वकप खेल्दा क्षण सम्झँदै त्यसबेला सारा विश्वलाई नेपाली क्रिकेटबारे चिनाउन महत्वपूर्ण रहेको बताए । 'हामी पहिलोपटक विश्वकप खेलेर विश्वलाई चिनायौं नेपालमा पनि क्रिकेट हुन्छ भनेर । दोस्रोपटक चाहिँ हाम्रो कडा मेहेनतको प्रतिफल थियो, तेस्रोपटक खेल्दा चाहिँ अब यसलाई सधैं निरन्तरता दिनुपर्छ भन्ने सोच नै हो' सोमपालले नेपालबाट जानुअघि भनेका थिए ।

### कुशल भुर्तेल

कुशल भुर्तेलले पनि दोस्रोपटक टी-२० विश्वकप खेल्दै छन् । २९ वर्षीय भुर्तेल दाँयाहाते ओपनिङ ब्याटर हुन् । पछिल्लो समय भुर्तेलले लेगस्पीन बलिङ समेत गर्दै आएका छन् । भुर्तेलले नेपालका लागि सन् २०२१ मा कीर्तिपुरमा भएको नेदरल्यान्ड्ससँगको खेलमार्फत टी-२०आई डेब्यू गरेका थिए । त्यसबेला उनले लगातार तीन खेलमा अर्धशतक समेत बनाएका थिए ।

भुर्तेल टप अर्डरमा खेल्दा पावरप्लेमा आक्रामक ब्याटिङको क्षमता राख्छन् । उनले नेपालका लागि ७० खेलमा १ शतक र १३ अर्धशतकसहित १८०७ रन बनाएका छन् । उनको उच्च स्कोर १०४ नटआउट रहेको छ । फिलिपिन्सविरुद्ध भुर्तेलले उक्त शतक बनाएका थिए । भुर्तेलले बलिङमा ३० विकेट पनि लिएका छन् । गत संस्करणको विश्वकपमा ३ खेलमा २४ रन बनाएका थिए भने ४ विकेट पनि लिएका थिए ।

### आसिफ शेख

२४ वर्षीय विकेटकिपर ब्याटर आसिफ शेखले पनि दोस्रोपटक टी-२० विश्वकप खेल्दै छन् । दाँयाहाते ब्याटिङ गर्ने आसिफले पनि टप अर्डरमा खेल्ने गर्छन् । आसिफले नेपालका लागि भुर्तेलसँगै डेब्यू गरेका थिए । आसिफले पनि डेब्यू सिरिजमा राम्रो लय देखाएका थिए । आसिफले नेपालका लागि ६८ खेलमा १० अर्धशतकसहित १६३९ रन बनाएका छन् । गत विश्वकपमा आसिफले ३ खेलमा ३ खेलमा ६३ रन बनाएका थिए । उक्त विश्वकपमा नेपालका लागि सबैभन्दा धेरै रन बनाउने खेलाडी आसिफ थिए ।

### करण केसी

करण केसी पनि दोस्रो पटक टी-२० विश्वकप खेल्दै छन् । ३४ वर्षीय करण दाँयाहाते बलर हुन् भने उनले पनि सोमपालजस्तै तल्लोक्रममा ब्याटबाट योगदान दिन सक्छन् । करणले सन् २०१५ मा नेदरल्यान्ड्सविरुद्धको खेलमार्फत टी-२०आई डेब्यू गरेका थिए ।

करणले नेपालका लागि ८५ टी-२०आई खेलमा १०६ विकेट लिएका छन् । उनले ३ पटक ४-विकेट प्रदर्शन गर्दा एकपटक ५-विकेट प्रदर्शन पनि गरेका छन् । ब्याटिङमा करणले ४५ को उच्च स्कोरसहित ४६८ रन बनाएका छन् । सन् २०२४ को टी-२० विश्वकपमा करणले २ खेलमा १७ रन बनाए भने कुनै विकेट लिन सकेनन् ।

### सन्दीप लामिछाने

सन्दीपले पनि दोस्रोपटक टी-२० विश्वकप खेल्दै छन् । २५ वर्षीय सन्दीप दाँयाहाते लेग स्पीन बलर हुन् । सन्दीप नेपालका लागि टी-२०आईमा सर्वाधिक विकेट लिने बलर हुन् । उनले ६७ खेलमा १२९ विकेट लिएका छन् । ६ को इकोनोमीमा बलिङ गर्ने सन्दीपले आफ्नो करियरमा ३ पटक ४-विकेट प्रदर्शन अनि २ पटक ५-विकेट प्रदर्शन गरेका छन् । उनको बलिङ औसत पनि नेपालीमध्येकै उत्कृष्ट (१२) छ । गत संस्करणको टी-२० विश्वकपमा दुई मात्र खेल खेलेका सन्दीपले २ विकेट लिएका थिए । विश्वका धेरै फ्रेन्चाइज लिगमा खेलिसकेका सन्दीपले अन्तर्राष्ट्रिय स्तरको एक्सपोजर प्राप्त गरेका छन् ।

### ललित राजवंशी

ललित राजवंशी नेपाली टोलीका अर्का स्पीन बलर हुन् । उनी पनि दोस्रोपटक टी-२० विश्वकप खेल्दै छन् । २६ वर्षीय ललितले लेफ्ट आर्म स्पिन बलिङ गर्छन् । ललितले पनि सन् २०१८ मा लर्ड्समा भएको नेदरल्यान्ड्ससँगको खेलमार्फत डेब्यू गरेका थिए ।

उनले नेपालका लागि ३७ खेलमा ३६ विकेट लिएका छन् । ६.३७ को इकोनोमीमा बलिङ गर्ने ललितले २१ को औसत राखेका छन् । गत संस्करणको टी-२०आई विश्वकपमा नेपालको टोलीमा रहेको भएपनि ललितले कुनै पनि खेल खेलेनन् । पछिल्लोपटक ललितले टी-२० विश्वकप छनोट अन्तर्गत सामोआसँगको खेल खेलेका थिए ।

### गुल्शन झा

गुल्शन झा नेपाली क्रिकेट टोलीमा युवा अलराउन्डर हुन् । गुल्शनले पनि दोस्रोपटक टी-२० विश्वकप खेल्दै छन् । १९ वर्षीय गुल्शनले बाँयाहाते ब्याटिङ तथा दाँयाहाते मिडियम पेस बलिङ गर्छन् । उनले सन् २०२२ को विश्वकप छनोटअन्तर्गत फिलिपिन्स सँगको खेलमार्फत टी-२०आईमा डेब्यू गरेका थिए ।

गुल्शनले टी-२०आई क्रिकेटमा ५१ खेलमा एक अर्धशतकसहित ६२९ रन बनाएका छन् । यस्तै गुल्शनले बलिङमा २९ विकेट पनि लिएका छन् । उनको बलिङ इकोनोमी ७ को रहेको छ । गत संस्करणको टी-२० विश्वकपमा गुल्शनले ३ खेलमा २० रन बनाएका थिए भने १ खेलमा २ ओभर बलिङ गर्दा कुनै विकेट भने लिएनन् । दक्षिण अफ्रिकाविरुद्धको बहुचर्चित खेलमा नेपाललाई जितको निकै नजिक पुर्‍याएका गुल्शन त्यसबेला दुर्भाग्यपूर्ण रूपमा बेहोरेको १ रनको हारपछि भावुक बनेका थिए ।

### सन्दीप जोरा

सन्दीप जोराले पनि दोस्रोपटक टी-२० विश्वकप खेल्दै छन् । २४ वर्षीय जोरा दाँयाहाते ब्याटर हुन् । उनले मिडल अर्डरमा खेल्ने गर्छन् । जोराले सन् २०१९ मा दुबईमा भएको यूएईसँगको खेलमार्फत नेपालका लागि डेब्यू गरेका थिए । जोराले नेपालका लागि ३८ खेलमा चार अर्धशतक सहित ४८९ रन बनाएका छन् । गत संस्करणमा जोराले १ खेल खेल्दा १ रन मात्र बनाएका थिए ।

### शेर मल्ल

शेर मल्ल नेपाली राष्ट्रिय टोलीमा पूर्ण रूपमा नयाँ अनुहार हुन् । २३ वर्षीय शेर मिस्ट्री स्पीनर हुन् भने तल्लोक्रममा ब्याटिङको पनि क्षमता राख्छन् । गत संस्करणको एनपीएलमा शानदार प्रदर्शन गरेका शेरले त्यसकै आधारमा राष्ट्रिय टोलीको ढोका खोल्न सफल भएका हुन् । उनले नेपालका लागि विश्वकपमै डेब्यू गर्ने मौका बनाएका हुन् ।

पहिलो संस्करणमा पनि उपाधि विजेता टोली जनकपुर बोल्ट्सबाट खेलेका शेरले यसपटक लुम्बिनी लायन्सबाट खेलेर दोस्रोपटक उपाधि पनि जिते । उपाधि मात्रै नभएर यो सिजन गज्जबको प्रदर्शन पनि गरेका थिए । लुम्बिनी लायन्सलाई उपाधि दिलाउन महत्वपूर्ण भूमिका खेलेका मुख्य पात्रमध्येका शेरले मिस्ट्री स्पीनमार्फत १० खेलमा १७ विकेट लिएर संयुक्त रूपमा शीर्षस्थानमा रहेका थिए । उनको मिस्ट्री स्पिन वांखडे स्टेडियमको पिचमा सहयोगी पनि बन्न सक्छ ।

शेर मल्लले पहिलोपटक राष्ट्रिय टोलीबाट खेल्न पाउनु सौभाग्य रहेको बताउँछन् । 'देशको लागि खेल्न पाउँदा आफूलाई धेरै भाग्यमानी ठानेको छु, अब आगामी दिनका लागि मानसिक रूपमा पनि आफूलाई तयार गरिरहेको छु' शेरले भनेका छन् ।

### बसिर अहमद

नेपालको राष्ट्रिय टोलीबाट खेलिसकेका बसिर पनि टी-२० विश्वकपमा पहिलोपटक सहभागी हुँदै छन् । २२ वर्षीय बसिर अलराउन्डर हुन् । बाँयाहाते स्पीन बलिङ तथा बाँयाहाते ब्याटिङ गर्छन् ।

उनले सन् २०२२ अगस्टमा भएको केन्याविरुद्धको खेलमार्फत नेपालका लागि टी-२०आई डेब्यू गरेका थिए । बसिरले ७ खेलमा एक अर्धशतक सहित १२३ रन बनाएका छन् । उनको औसत ६१.५० को छ । बलिङमा २ विकेट लिएका छन् ।

बसिरले टी-२० विश्वकप छनोट नखेलेको भएपनि नेपाल प्रिमियर लिग (एनपीएल) मा गरेको प्रदर्शनबाट राष्ट्रिय टोलीमा पुनरागमन गरेका हुन् । एनपीएलमा उनले ९ खेलमा १९१ रन बनाएका थिए । टिमलाई संकटबाट पार लगाउने क्षमता भएका बसिरले त्यस क्षमताअनुसारको प्रदर्शन पनि गरिसकेका छन् र मध्यक्रममा भर पर्दो ब्याटरका रूपमा आफूलाई प्रमाणित गरेका छन् । नेपालले हङकङमा भएको चारदेशीय टी-२० शृंखलाको फाइनलमा कुवेतविरुद्ध ९२-८ को अवस्थामा पुगेपछि बसिरले नन्दन यादवसँग मिलेर खेललाई अन्तिम ओभरसम्म पुर्‍याएका थिए तर नेपाल ३ रनले पराजित हुन पुग्यो ।

### आरिफ शेख

आरिफ शेख पहिलोपटक टी-२० विश्वकप खेल्न लागेका खेलाडीमध्येका एक हुन् । २८ वर्षीय आरिफ दाँयाहाते ब्याटिङ तथा मिडियम पेस बलिङ गर्छन् । आरिफले सन् २०१८ मा लर्ड्समा भएको नेदरल्यान्ड्ससँगको खेलमार्फत टी-२०आई डेब्यू गरेका थिए ।

उनले नेपालका लागि टी-२०आईमा ३९ को उच्च स्कोर सहित ५५३ रन बनाएका छन् । बलिङमा आरिफले ४ विकेट मात्र लिएका छन् । पछिल्लो समय टी-२० क्रिकेटमा पनि राम्रो प्रदर्शन गरेका आरिफ विश्वकपका लागि टोलीमा परेका हुन् ।

### नन्दन यादव

नन्दन यादव पनि पहिलो पटक टी-२० विश्वकप खेल्ने टोलीमा परेका खेलाडी हुन् । २५ वर्षीय नन्दन दाँयाहाते पेस बलिङ गर्छन् । यस्तै तल्लोक्रममा उनको ब्याटबाट पनि योगदानको अपेक्षा राख्न सकिन्छ । नन्दनले सन् २०२५ मा हङकङमा भएको चारदेशीय शृंखलाअन्तर्गत कतारसँगको खेलमार्फत टी-२०आई डेब्यू गरेका थिए । नन्दनले नेपालका लागि १२ टी-२०आई खेल्दा १५ विकेट लिएका छन् । ७.२९ को इकोनोमी राखेका छन् । नन्दनले गत वर्ष स्कटल्यान्डमा भएको टी-२०आई शृंखलामार्फत नेपाली टोलीका लागि डेब्यू गरेका थिए । पछिल्लोपटक नन्दनले टी-२० विश्वकप एसिया-इएपी छनोटअन्तर्गत सामोआसँगको खेल खेलेका थिए ।

### लोकेश बम

लोकेश बमले पनि पहिलोपटक टी-२० विश्वकप खेल्दै छन् । २५ वर्षीय लोकेश दाँयाहाते ब्याटर हुन् । उनी नेपाली टोलीमा दोस्रो रोजाइका विकेटकिपर समेत हुन् । लोकेशले सन् २०२२ मा ओमानमा भएको चारदेशीय शृंखलामा यूएईविरुद्धको खेलबाट नेपालका लागि टी-२०आई डेब्यू गरेका थिए । उनले १८ खेलमा ३९* को उच्च स्कोरसहित १६० रन बनाएका छन् । पछिल्लोपटक लोकेशले टी-२० विश्वकप एसिया-इएपी छनोटअन्तर्गत सामोआसँगको खेल खेलेका थिए ।

*(स्रोतः अनलाइनखबर)*

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

# रेडियो मकवानपुरले साताव्यापी कार्यक्रम गरी वार्षिकोत्सव मनाउँदै

साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ हेटौंडाकै पहिलो सामुदायिक रेडियो, रेडियो मकवानपुरले विविध सप्ताहव्यापी कार्यक्रमको आयोजना गरी वार्षिकोत्सव मनाउने भएको छ ।

रेडियोको सञ्चालक संस्था दिव्यतारा बहुउद्देश्यीय सहकारीको २८ औं स्थापना दिवस तथा रेडियो मकवानपुरको १६ औं वार्षिकोत्सवको अवसरमा सप्ताहव्यापी कार्यक्रम हुने भएको हो । वार्षिकोत्सवको अवसरमा रेडियोले माघ १६ देखि २२ गतेसम्म विविध कार्यक्रमको आयोजना गर्ने गरेको छ । शुक्रबार रेडियोको प्राङ्गण हेटौंडा-२ पल्पसा रोडमा रक्तदान गरी सप्ताहव्यापी कार्यक्रमको सुरुवात हुनेछ । १७ गते हेटौंडा-१८ हर्नामाडीमा रहेको वैदिक संस्कृत गुरुकुलमलाई खाद्यान्न वितरण, १८ गते महिला पत्रकार को संस्था सञ्चारिका समूहलाई सेनेटरी प्याड वितरण, १९ गते रेडियोमै निर्वाचन आचारसंहिता सम्बन्धी अन्तरसंवाद, २० गते मिडिया कप फुटसल प्रतियोगिता र २२ गते सप्ताहव्यापी कार्यक्रमको समापन हुने रेडियो मकवानपुर सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुलीले जानकारी दिए ।

सप्ताहव्यापी कार्यक्रमको समापनमा मकवानपुरका २ जनालाई सामुदायिक सम्मान प्रदान गरिनेछ । समाजका २ अगुवालाई जनही नगद १० हजार रुपैयाँसहित सम्मान गरिनेछ । 'सामुदायिक रेडियोको धर्म निर्वाह गर्ने क्रममा रेडियोको वार्षिकोत्सवदेखि रेडियोको सञ्चालक संस्था दिव्यताराको स्थापना दिवससम्म विविध सप्ताहव्यापी कार्यक्रमको आयोजना गर्ने गरेका छौं', अध्यक्ष पराजुलीले भने, 'सोही क्रममा यसवर्ष पनि निरन्तरता दिँदैछौं । सबै कार्यक्रममा सहभागिताको निम्ति रेडियोका शुभेच्छुक, विज्ञापनदाता, स्रोतालाई हार्दिक अनुरोध गर्दछौं ।'

२०६६ साल माघ १६ गते सहिद दिवसका दिनबाट औपचारिक प्रशारण सुरु गरेको रेडियोले वार्षिकोत्सव र हरितालिका तीज कार्यक्रममा २/२ जनालाई सम्मान गर्दै आएको छ । विषम् परिस्थितिका बाबवुद पनि सकेसम्म सबै क्षेत्रलाई समेटेर सप्ताहव्यापी कार्यक्रमलाई निरन्तरता दिन लागिएको रेडियो मकवानपुरका स्टेसन म्यानेजर गणेशदर्पण अधिकारीले जानकारी दिए ।

# युट्युबमा पनि 'ऊनको स्वीटर' सुपरहिट



काठमाडौं/अक्सर नेपाली फिल्म हलमा फ्लप र युट्युबमा सुपरहिट हुने गरेका छन् । युट्युबमा नि:शुल्क हेर्न पाइने सुविधा भएकाले प्राय: फिल्मलाई उल्लेख्य भ्यूज मिल्ने गरेको छ । यद्यपि, युट्युबमा भ्यूजको खडेरी देखिएका स्थापित कलाकार हरूकै फिल्म पनि धेरै छन् । यस्तोमा फिल्म 'ऊनको स्वीटर'ले हलसँगै युट्युबमा पनि लोभलाग्दो सफलता पाएको छ ।

७ दिनअघि युट्युबमा रिलिज भएको 'ऊनको स्वीटर' यस वर्षको सुपरहिट फिल्म हो । यसले प्रदर्शनको ५१ दिन मनाउँदै ११ करोड ४१ लाखभन्दा बढीको ग्रस व्यापार गरेको थियो । भारतमा पनि फिल्मले २ करोड ४० लाख नेरू (डेढ करोड भारू) कमायो । फिल्मसँगै यसमा समावेश 'फूल', 'चाइनेजो जिन्दगानीमा', 'काफ्ले' र 'मखमली' गीत पनि दर्शकमाझ उत्तिकै लोकप्रिय भए ।

हलमा रिलिज हुँदा सर्वाधिक चर्चामा रहेको यो फिल्मले युट्युबमा पनि ठूलै हलचल ल्याएको छ । रिलिजको ७ दिनमा ६६ लाखभन्दा बढीले फिल्म हेरिसकेका छन् । युट्युबको कमेन्ट सेक्सन प्रशंसाले भरिएको छ । कथादेखि संगीत, अभिनय, छायांकन, संवाद जस्ता पक्षलाई दर्शकहरूले १० मा १० रेटिङ दिएका छन् । धेरैले फिल्मको सिक्वेल बन्नुपर्ने माग समेत गरेका छन् ।

युट्युबमा फिल्मलाई अत्याधिक रूचाइएपछि अभिनेता विपिन कार्कीले बुधबार एक भिडियो सन्देशमार्फत दर्शकहरूप्रति आभार व्यक्त गरेका छन् । यस फिल्ममार्फत राष्ट्रिय अवार्डको दाबेदार मानिएका उनले भिडियोमा भनेका छन्, 'यस मायाको उत्तरमा मसँग शब्दहरू त कम छन् । तर, आभार साँच्चै गहिरो छ अनि प्रेम उत्तिकै गाढा छ ।'

नवीन चौहानको निर्देशनमा बनेको फिल्ममा विपिनसहित मिरूना मगर, एलेक्स पारस, परीक्षा लिम्बू, विल्सन विक्रम राई (तक्मे बुढा), सुनिल पोखरेल, सुरज तमु, भावना खपाङ्गी, माओत्से गुरुङ, प्रेम सुब्बा लगायतले अभिनय गरेका छन् । अन्तरजातीय प्रेमकथामा आधारित यस फिल्ममा चिन्तनराज भण्डारीको छायांकन तथा सुजन चापागाईंले संगीत छ ।

# 'आ बाट आमा'लाई उल्लेख्य शो, 'द ब्लू लाइट'ले कति पायो ?

काठमाडौं/गत मंसिर यता नेपाली फिल्महरूले अपेक्षित व्यापार गर्न नसक्दा फिल्म क्षेत्रमा अन्योलता छाएको छ । यस्तो परि स्थितिमा अब धेरैको आशा शुक्रबार (१६ माघ)बाट प्रदर्शन हुने दुई फिल्म 'आ बाट आमा' र 'द ब्लू लाइट'प्रति देखिन्छ । यी दुवै फिल्ममा स्थापित कलाकारहरूको पल्टन रहेकाले बक्स अफिस चलायमान हुने अपेक्षा गरिएको छ ।

बुधबारबाट देशभरका मल्टीप्लेक्सहरूले दुवै फिल्मको शो तालिका सार्वजनिक गर्दै अग्रिम टिकट बुकिङ खुला गरिसकेका छन् । दुई फिल्ममध्ये 'आ बाट आमा'ले उच्च शो पाएको छ ।

फिल्मलाई शुक्रबारका लागि देशव्यापी १३८ शो उपलब्ध भएको खल्ती एपमा देखिन्छ । यसमध्ये केही शोमा बुकिङ राम्रो देखिएको छ । 'द ब्लू लाइट'ले भने ६१ शो पाएको छ ।

यी दुवै फिल्म फरक शैली र विषयमा बनेका छन् । 'आ बाट आमा' आमा-छोराबीचको भावनात्मक सम्बन्ध, वैदेशिक रोजगारी र त्रिकोणात्मक प्रेमकथामा आधारित छ भने 'द ब्लू लाइट' साइकोलोजिकल थ्रिलर फिल्म हो । यस हिसाबले दुवै फिल्मका लक्षित वर्ग फरक छन् । अब दर्शकको रोजाइमा कुन पर्छ, त्यो प्रतीक्षाको विषय हो ।

चन्द्र पन्तको निर्देशनमा बनेको 'आ बाट आमा'मा विपना थापा, प्रदीप रावत (गजनी भिलेन), पल शाह, साइग्रेस पोखरेल, उषा उप्रेती, सिम्रन पन्त, रचना गौतम, विशाल पहाडी, रवीन्द्र झा, गजित बिष्ट, दीलिप उखेडा, हेमराज अधिकारी लगायतको अभिनय रहेको छ । फिल्ममा ओमकार पन्त, कृष्णप्रसाद सुवेदी, ध्रुव न्यौपाने, प्रकाश कुँवर र क्षितिज ढुङ्गाना निर्मातामा छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

### मकवानपुरमा आचारसंहिता अनुगमन अधिकृतद्वारा १६ बुँदे निर्देशन जारी

# घरदैलोमा २५ जना भन्दा बढी जान नपाइने

साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ निर्वाचन आचारसंहिता २०८२ पालना गर्ने सम्बन्धमा मकवानपुरमा निर्वाचन आचारसंहिता अनुगमन अधिकृतले १६ बुँदे निर्देशन जारी गरेको छ ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा चुनावलाई लक्षित गर्दै निर्देशन जारी गरिएको हो । निर्वाचन आयोगबाट आचारसंहिता जारी भएकोले निर्वाचन नियमन गर्न गराउन मकवानपुर जिल्लामा क्रियाशील सबै राजनीतिक दल, उम्मेदवार, दलका भातृसंगठन, पत्रकार र सर्वसाधारणको लागि सूचना जारी गरिएको जनाइएको छ । निर्वाचन आचारसंहित २०८२ को दफा १३ मा उल्लेखित मापदण्डभित्र रही निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्य गर्नुपर्ने, प्रचलित कानुन र आचारसंहित विपरीत पोष्टर, तुल, ब्यानर, भित्ते लेखन प्रयोग गर्न नपाइने, कसैको निजी घर जग्गामा दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न नपाइने बताइएको छ ।



घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थकसहित २५ जना भन्दा बढीको जुलुस लिएर जान नमिल्ने साथै बाजाँगाँजा झाँकी लिएर जान नपाइने, प्रचारप्रसार गर्ने व्यक्तिले उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अंकित लोगो, स्टिकर, कपडा लगाउन वा झोला बोक्ने नपाइने, फागुन ४ गतेदेखि मात्रै निर्वाचन प्रचारप्रसार सम्बन्धी कार्यहरु जुलुस, आमसभा, कोणसभा लगायत सञ्चारमाध्यमबाट विज्ञापन गर्न पाइने उल्लेख गरिएको छ ।

दलको प्रचारप्रसार गर्ने उद्देश्यले डिजिटल बोर्ड राख्न, श्रव्य सामग्री बजाउन वा श्रव्य दृश्य सामग्री प्रदर्शन वा प्रशारण गर्न नपाइने, आमसभा वा जुलुस गर्नु २४ घण्टा अगावै प्रहरीलाई जानकारी गराउनुपर्ने, एकै समयमा एउटै स्थानमा एक भन्दा बढी दलको सभा गर्न नपाइने र सभा गर्दा स्थानीय प्रशासनले दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

धार्मिक संघसंस्थालगायत कुनै व्यक्तिलाई नगद वा जिन्सी वितरण गर्न, चन्दा, पुरस्कार दिन वा दिने घोषणा गर्न नपाइने, बिना स्वकृति राजनीतिक दलको कार्यालय बाहेक अन्य कुनै पनि स्थानमा दलको झण्डा राख्न नपाइने, ज्येष्ठ नागरिक, महिला, यौनिक तथा अल्पसंख्यक तथा अपाङ्गता भएका व्यक्तिको भावना ईज्जत, प्रतिष्ठामा आँच आउने प्रचारप्रसार गर्न नपाइने उललेख छ ।

आयोगले तोकेबमोजिम बढीमा २ वटा सवारीसाधन प्रयोग गर्न पाइने तर, विदेशी नम्बर प्लेटको सवारी प्रयोग गर्न नपाइने, सरकारी/अर्धसरकारी/संस्थान/विद्यालयको भवन तथा जग्गा प्रयोग गरी निर्वाचनसम्बन्धी भेला गर्न नपाइने, उम्मेदवारको निर्वाचन सम्बन्धी खर्च गर्दा बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट खर्च गर्नुपर्ने, खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोक्नुपर्ने सूचनामा उल्लेख गरिएको छ । अनुगमन अधिकृत दिनेश रेग्मी र मोहनराज जोशीद्वारा हस्तक्षरित सूचनामा आचारसंहिता उल्लङ्घन गरिएको अवस्थामा उम्मेदवारी रद्ध हुने सम्मको सजायको व्यवस्था तोकिएको छ ।

**७७ जिल्लामै गृहको पत्राचार**

निर्वाचनपूर्व र निर्वाचनको अवधिमा आचारसंहिता उल्लंघनका घटना रोक्न गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन जारी गरेको छ ।

यसअघि माघ १३ गते निर्वाचन आयोगले ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी र प्रमुख कोष नियन्त्रकलाई आचार संहिता अनुगमन अधिकृत तोकेको थियो । आचारसंहिता कार्यान्वयनको सुनिश्चितता गर्न अनुगमन अधिकृत तोकिएपछि गृहले जिल्ला प्रशासन कार्यालयहरुलाई पत्राचार गरी प्राप्त जिम्मेवारीअनुरुप नियमित अनुगमन गरी प्रभावकारीरुपमा आचारसंहिता पालना गर्ने कार्य गर्न गराउन निर्देशन जारी गरेको हो ।

यसअघि निर्वाचन आयोगले सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिक बाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रक/कोष नियन्त्रकलाई आर्थिकसँग सम्बन्धित विषयमा फरकफरक कार्य जिम्मेवारीसहित निर्वाचन आचार संहिता अनुगमन अधिकृत तोकेको थियो ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि माघ ४ गतेदेखि निर्वाचन आचारसंहिता लागू भएको छ । आचारसंहिता लागू भएको १० दिन नबित्दै केही राजनीतिक दलबाट उम्मेदवार बनेकाहरुलाई आचारसंहिता उल्लघंनको कसुरमा निर्वाचन आयोगले स्पष्टीकरण सोधिसकेको छ ।

# मध्यवर्ती समस्या नीतिमै सुधार गर्ने बर्तौलाको प्रतिबद्धता



साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ फागुन २१ को निर्वाचन नजिकिँदै जाँदा मकवानपुर क्षेत्र नं. २ मा नेकपा (एमाले) का तर्फबाट सूर्य चुनावचिन्ह लिएर मैदानमा उत्रिएका उम्मेदवार महेश बर्तौलाले चुनावी गतिविधिलाई तीव्र बनाएका छन् ।

उनी मतदाता, पार्टी कार्यकर्ता र शुभेच्छुकसँग प्रत्यक्ष भेटघाट गर्दै चुनावी सन्देश फैलाइरहेका छन् । भेटघाटका क्रममा बर्तौलाले प्रतिनिधिसभाको मूल दायित्व नीति निर्माण भएको स्पष्ट पार्दै नीतिगत हस्तक्षेपमार्फत् जनताका जटिल समस्या समाधान गर्ने प्रतिबद्धता दोहोऱ्याए । 'सांसद भनेको नीति बनाउने जिम्मेवार व्यक्ति हो । नीति सही भयो भने समस्याको समाधान आफैं आउँछ,' उनले भने ।

आफ्नो ३२ महिनाको संसदीय अनुभव सुनाउँदै उनले मध्यवर्ती क्षेत्रका जंगली जनावर र मानवबीच देखिँदै आएको द्वन्द्व तथा भूमिहीन नागरिकको समस्या समाधानका लागि आफूले कानुनी तहमा पहल गरेको दाबी गरे । उनले मध्यवर्ती क्षेत्र ऐन र वन ऐन संशोधनसम्बन्धी विधेयक प्रतिनिधिसभाबाट पारित भई राष्ट्रियसभामा पुगेपनि संसद विघटनका कारण प्रक्रिया अलपत्र परेको उल्लेख गरे । 'त्यो अधुरो कामलाई पूरा गर्नु नै मेरो पहिलो प्राथमिकता हुनेछ,' उनले बताए ।

पूर्वी राप्ती नदी, चौराह खोला र मूल खोलालगायत स्थानमा तटबन्धन निर्माणका लागि आफूले उल्लेखनीय भूमिका खेलेको दाबी उनले गरे । आफूलाई सक्षम उम्मेदवारका रुपमा प्रस्तुत गर्दै बर्तौलाले राजनीति शास्त्र र व्यवस्थापन विषयमा स्नातकोत्तर (डबल मास्टर्स) अध्ययन गरेको र कानुनमा स्नातक भई हाल वकालत गर्दै आएको अनुभवले नीति निर्माण र कार्यान्वयनमा आफूलाई बलियो बनाएको बताए । अघिल्लो कार्यकालमा संसदको अगाडि पंक्तिमा बसेर सक्रिय भूमिका निर्वाह गरेको अनुभव पनि उनले मतदातासँग साझा गरे ।

निर्वाचन परिचालन कमिटीका सहसंयोजक तथा संविधान सभा सदस्य राजाराम स्याङ्तानले बर्तौलाको अभियान जनस्तरमा उत्साहजनकरुपमा अघि बढिरहेको जानकारी दिए । 'हामी जितको झण्डा गाडेपछि मात्र विश्राम गर्ने संकल्पका साथ अघि बढिरहेका छौं,' उनले भने । हाँडीखोलामा सम्पन्न भेटघाटमा एमाले मकवानपुर जिल्ला कमिटी सदस्य कृष्ण लामिछाने, लक्ष्मण उप्रेती, बीरेन्द्र डीसी, क्षेत्रीय फोकल पर्सन आशिष अस्लामी, युवा नेता बिरु मिजार, विद्यार्थी नेता प्रभाष घिमिरेलगायतको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# कांग्रेसको भेटघाटमा विकास र नेतृत्वबारे उम्मेदवारको प्रतिबद्धता



साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ नेपाली कांग्रेस मकवानपुरले आगामी फागुन २१ गते हुने निर्वाचनलाई लक्षित गर्दै कार्यकर्ता भेटघाट अभियानलाई तीव्र बनाएको छ ।

मकवानपुरको मनहरी, राक्सिराङ र कैलाशमा आयोजित कार्यक्रममार्फत् कांग्रेसका उम्मेदवारले कार्यकर्तासँग भेटघाट तथा छलफल गरेका छन् । कार्यक्रममा नेपाली कांग्रेसकी निवर्तमान सहमहामन्त्री तथा मकवानपुर क्षेत्र नम्बर १ की उम्मेदवार महालक्ष्मी उपाध्याय डीनाले मकवानपुरका विकट गाउँबस्तीमा विकासको मूल फुटाउने शक्ति नेपाली कांग्रेस नै भएको बताइन् । उनले कैलाश र राक्सिराङ जस्ता विकटक्षेत्रमा नेपाली कांग्रेसकै पहलमा विकासको काम अघि बढेको उल्लेख गर्दै अब जनताको मतबाट जित हासिल गरेपछि ती क्षेत्रलाई अझ विकसित बनाउने प्रतिबद्धता व्यक्त गरिन् ।

पहिले घण्टौं लाग्ने यात्रा अहिले केही मिनेटमै सम्भव भएको उदाहरण प्रस्तुत गर्दै डीनाले भनिन्, 'यो मेरो अन्तिम उम्मेदवारी हो, अन्तिमपटक मलाई भोट दिएर जिताइदिनुहोस्, त्यसपछि म अभिभावकको भूमिकामा रहनेछु ।' जनताको हितमा काम गर्ने पार्टी नेपाली कांग्रेस मात्रै भएको दाबी गर्दै उनले जितेपछि पनि जनताकै सेवामा निरन्तर लागिरहने प्रतिबद्धता जनाइन् ।

नेपाली कांग्रेस मकवानपुर सभापति तथा मकवानपुर क्षेत्र नम्बर २ का उम्मेदवार बुद्ध लामाले अब देशको नेतृत्व युवापुस्ताको काँधमा आएको बताए । 'जनतालाई सुखशान्तिको अनुभूति गराउन र तीव्र विकासका लागि गगन थापालाई प्रधानमन्त्री बनाउनु पर्छ,' लामाले भने । उनले चुनाव जितेपछि मकवानपुरको विकट कैलाश गाउँपालिकालाई पहिलो प्राथमिकतामा राखेर विकास गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा नेपाली कांग्रेसको समानुपातिक उम्मेदवार शर्मिला श्रेष्ठ, पालिका अध्यक्षहरु, पार्टी सभापतिलगायतको उल्लेख्य उपस्थिति थियो । सोही अवसरमा नेकपा एमाले परित्याग गरी दुईजना नेपाली कांग्रेसमा प्रवेश गरेका छन् ।

# किरण खरेललाई अन्तर्राष्ट्रिय संगीत पुरस्कार

साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ गीतकार किरण खरेललाई बिजुलीमाया व:न श्रेष्ठ अन्तर्राष्ट्रिय संगीत पुरस्कार प्रदान गरिएको छ ।

भीम विराग संगीत साहित्य कला प्रतिष्ठान नेपालले हेटौंडामा बिहीबार एक समारोहबीच एक लाख रुपैयाँ नगदसहित खरेललाई पुरस्कार प्रदान गरिएको हो । हेटौंडाका व्यवसायी कन्हैयाकृष्ण श्रेष्ठले आमा जीवितै रहँदा २०६४ सालबाट पुरस्कार सौजन्य गर्दै आएका हुन् । खरेललाई प्रतिष्ठानका अध्यक्ष केशवलाल श्रेष्ठले सम्मानपत्र प्रदान गरेका हुन् । विसं २०१४ सालदेखि ए दूरका सितारा...बोलको गीतबाट संगीतक्षेत्रमा सक्रिय गीतकार खरेलले अहिलेसम्म ७ सयभन्दा बढी गीत लेखेका छन् ।

माइतीघर..,जिन्दगीलाई जीत होइन...,हिमालको काखमा छ मेरो सानो गाउँ...,मन्दिरमा छ कि मूर्तिमा माया...लगायतका लोकप्रिय गीतका सिर्जनाकर्ता खरेलका ४ वटा गीतसंग्रह प्रकाशित छन् । आधुनिक गीत लेखनदेखि चलचित्र क्षेत्रमा समेत महत्वपूर्ण र सफल गीत सृजना गरेका खरेलको योगदानको उच्चमूल्यांकन गर्दै यसवर्षको अन्तर्राष्ट्रिय संगीत पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ । प्रतिष्ठानले देश तथा विदेशमा रही नेपाली वाङ्मयको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका सर्जक, स्रष्टालाई सम्मानित एवम् पुरस्कृत गर्दै आएको छ ।

यो पुरस्कारबाट हालसम्म अम्बर गुरुङ, प्रेमध्वज प्रधान, भक्तराज आचार्य, फत्तेमान राजभण्डारी, शान्ति ठटाल, दीप श्रेष्ठ, प्रकाश श्रेष्ठ, न्हुछेबहादुर डंगोल, मीरा राणा, कर्म योञ्जन, चेतन कार्की, दावा ग्याल्मो, दीपक जंगम, किरण प्रधान, राजेन्द्र थापा र नीर शाह सम्मानित भइसकेका छन् । उद्यमी तथा व्यवसायी श्रेष्ठले आफ्नी ममतामयी आमा बिजुलीमाया वन:को सम्झनामा २०६४ सालमा पुरस्कारको स्थापना गरेका हुन् ।

५० हजार रुपैयाँबाट सुरु गरिएका पुरस्कार राशी २०६७ सालदेखि एक लाख पुऱ्याइएको हो । कलासाधक भीम विरागको बहुआयामिक व्यक्तित्वप्रति सम्मानस्वरुप तरङ्ग साँस्कृतिक परिषद्को पहलमा वि.सं. २०५९ भदौ ७ गते भीम विराग संगीत साहित्य कला प्रतिष्ठानको स्थापना भएको थियो ।

# कमाने प्रिमियर लिगमा राइडर्सको ३ जीत

साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/हेटौंडा-८,कमानेस्थित कमाने क्रिकेट क्लबको आयोजनामा जारी चौंथो संस्करणको कमाने प्रिमियर लिग क्रिकेटमा कमाने राइडर्सले लिगको ४ खेल खेलेर ३ जीत निकालेको छ । बिहीबार हेटौंडा-८, स्थित चन्द्रोदय माध्यमिक विद्यालयको खेलमैदानमा भएको चौंथो खेलमा कमाने इप्लानेट ब्लास्टरलाई ५४ रनले पराजित गर्दै ४ खेल खेलेर ३ जीत निकालेको हो ।



पहिले ब्याटिङ गरेको कमाने राइडर्सले १८ ओभर ४ बलमा १ सय २५ रन बनाउँदै अलआउट हुन पुगेको थियो । कमाने राइडर्सका लागि विपुल खनालले १७ बलमा र विष्णु राउतले ३२ बलमा समान ३२/३२ रन जोडेका थिए । सुखेन्दु समन्थले १० बलमा १६ रनको योग्दान दिए । बलिङतर्फ कमाने इप्लानेट ब्लास्टरका लागि रिशभ चौधरी र विशाल पटेलले समान ३/३ विकेट लिएका थिए । सरोज यादवले २ विकेट लिएका थिए ।

१ सय २५ रनको लक्ष्य पछ्याएको कमाने इप्लानेट ब्लास्टरले १६ ओभर २ बलमा ७१ रन मात्रै बनाएर अल आउट हुन पुगेको थियो । विजय घलानले २१ बलमा २१ रन, रिशभ चौधरीले ११ बलमा १५ र युवीन बुढाथोकीले ११ बलमा ८ रन बनाएका थिए । बलिङतर्फ कमाने राइडर्सका विष्णु राउतले ४ विकेट र राम नरेश गिरीले २ विकेट लिएका थिए । खेलको म्यान अफ द म्याच विष्णु राउत घोषित भएका छन् । प्रतियोगिताको फाइनल खेल शनिबार हुने क्लबका अध्यक्ष किशोर खत्रीले जानकारी गराएका छन् ।

# किरण खरेललाई अन्तर्राष्ट्रिय संगीत पुरस्कार

साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ भीमफेदी गाउँपालिकाको आयोजना तथा महेन्द्र माध्यमिक विद्यालयको समन्वयमा 'छैठौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता' बिहिबारदेखि सुरु भएको छ ।

भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाले परम्परागत खेल 'छेलो' फालेर प्रतियोगिताको औपचारिक उद्घाटन गरेका हुन् । सिमलटार खेलमैदानमा आयोजित उद्घाटन समारोहमा विद्यार्थीले आकर्षक मार्चपास प्रस्तुत गरेका थिए । कार्यक्रमका प्रमुखअतिथि अध्यक्ष लामाले खेलकुदले विद्यार्थीको अनुशासन र शारीरिक विकासमा मद्दत पुऱ्याउने बताउँदै गाउँपालिकाले खेलक्षेत्रलाई प्राथमिकतामा राखेको उल्लेख गरे । कार्यक्रममा भीमफेदी गाउँपालिका प्रशासकीय प्रमुख चेतनाथ न्यौपाने विशिष्ट अतिथिका रुपमा रहेका थिए । उपाध्यक्ष सञ्जीव श्रेष्ठ, विभिन्न वडाअध्यक्षहरु, र कार्यालय प्रमुखहरुको उपस्थिति र हेको थियो ।

यस प्रतियोगितामा गाउँपालिकाभित्रका कुल ८ वटा माध्यमिक विद्यालयको सहभागिता र हेको छ । कार्यक्रममा स्थानीय सहकारी, वित्तीय संस्था, बैंकका प्रतिनिधि, सक्रिय राजनीतिक दलका नेता, सहभागी विद्यालयका व्यवस्थापन समिति पदाधिकारी, बुद्धिजीवी तथा स्थानीय व्यापारीको उल्लेख्य उपस्थिति रहेको थियो । महेन्द्र माविका प्रधानाध्यापक कुमार लामाले स्वागत मन्तव्य राखेका थिए भने कार्यक्रमको सञ्चालन शिक्षक सकिला भुजेलले गरिन् ।

## सूचना ! सूचना ! सूचना !

यहि मिति २०८२ साल माघ १६ र १७ गतेका दिन हेटौँडा उपमहानगरपालिका १० नम्बर वडा कार्यालयको आयोजनामा हेटौँडा उपमहानगरपालिका अन्तर्गतका १९ वटै वडा भरिका घरेलु तथा हस्तकला, कृषि, ढाका लगायतका क्रियाकलाप समेटी तेस्रो घरेलु उत्पादन प्रदर्शनी तथा नृत्य प्रवर्द्धन कार्यक्रम हुने भएकोले सम्पूर्णमा जानकारी गराइन्छ ।

हेटौंडा उपमहानगरपालिका
**१० नं. वडा कार्यालय**
बसपार्क, हेटौंडा, मकवानपुर

*स्वस्थ पेट तथा पाचन, स्वस्थय जीवन*

**बरिष्ठ पेट तथा कलेजो रोग विशेषज्ञ डाक्टर अब माघ १७ गते शनिबार हेटौंडा सिटी अस्पतालमा**

**पेट तथा कलेजो रोग सम्बन्धी विभिन्न समस्याहरू जस्तै:**

- ग्याष्ट्रिक/अम्लता-Gastritis
- Ulcer अल्सर (पेट/आन्द्राको अल्सर)
- प्यान्क्रियाटाइटिस/अग्न्याशयको सुन्निने/सूजन
- मुख/वान्तामा तथा दिशामा रगत आउने
- तौल घट्ने, भोक नलाग्ने
- हिमोराँइट (Piles), फिसर
- कलेजो तथा पित्त थैली सम्बन्धी समस्याहरु
- पेट दुखाई, अपच, पेट फुल्ने/पानी जम्ने
- जन्डिस (Jaundice–Alcoholic तथा Viral hepatitis

**साथै अन्य पेट तथा कलेजो सम्बन्धी सेवाहरू:**

- Endoscopy/एन्डोस्कोपी
- USG/भिडियो एक्स-रे
- Proctoscopy/प्रोक्टोस्कोपी
- LFT (Liver Function Test)
- H. pylori test
- Viral Hepatitis Profile आदि




"फोनबाट पनि अग्रिममा नाम लेखाउन/Appointment को व्यवस्था छ ।"

**डा. विजय के.सी.**
बरिष्ट पेट तथा कलेजो रोग विशेषज्ञ
DM Gastroenternlogy and Hepatology
MBBS, MD Internal Medicine, DM
NMC No. 8185
थप जानकारीको लागि
**हेटौंडा सिटी अस्पताल**
सम्पर्क नं. ०५७-५२०३१५, ९८४१३२८८६५

*Whole body check-up package/"होल बडी चेक-अप प्याकेजको पनि व्यवस्था छ ।"*

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना